का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ पुस २०८१,

सोमबार

16 December, 2024

Monday

मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक



ओलीको सन्देश

## ‘मेरो विकल्प छैन’



**पार्टीको भावी नेतृत्वलाई लिएर नेकपा एमालेभित्र उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल सांगठनिक पकडको प्रयासमा छन् । दुवैलाई मिलाएर पार्टीमा हाबी भइरहने नीति अध्यक्ष केपी शर्मा ओलीको छ**

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ३० मंसिर ।

नेकपा एमालेले शनिबार र आइतबार काठमाडौं कार्यशालाको आयोजना गऱ्यो । कार्यशालाको उद्देश्य हो- स्थानीय तहसम्म पार्टीलाई प्रभावकारी बनाउने । तर, कार्यशालामा उद्देश्यभन्दा ज्यादा पार्टीभित्रको अन्तरसंघर्ष हावी हुन पुगेको नेताहरू बताउँछन् ।

पार्टीको भावी नेतृत्वलाई लिएर एमालेभित्र उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल सांगठनिक पकडको प्रयासमा छन् । दुवैलाई मिलाएर पार्टीमा हाबी भइरहने नीति अध्यक्ष केपी शर्मा ओलीको छ । यहीबीचमा पूर्वराष्ट्रपति विद्या भण्डारीको राजनीतिक सक्रियताले ओली सशंकित भएका उनको अभिव्यक्तिले देखाएको नेताहरू बताउँछन् ।

कार्यशालामा महासचिव पोखरेलले पार्टीले पारित गरेको वार्षिक कार्ययोजनाका विषयमा अभिमुखीकरण गरेका थिए । त्यसक्रममा पोखरेलले पार्टीको जनमत खस्केको तथ्य स्वीकार गर्नुपर्ने र आगामी रणनीति तय गर्नुपर्नमा जोड दिए ।

पार्टी जीवनमा समस्या देखिएको औंल्याउँदै उनले भनेका छन्, ‘अहिले पार्टीको जुन ढंगले काम भइरहेको छ, यसरी एमालेलाई राष्ट्रिय शक्ति निर्माण गर्न कठिन हुन्छ ।’

हालै सम्पन्न स्थानीय तहको उपनिर्वाचनको मत परिणामको व्याख्या गर्दै महासचिव पोखरेलले विगतको तुलनामा उपलब्धि देखिए पनि परिणाम उत्साहित हुनुपर्ने खालको नभएको बताए । उनको यो अभिव्यक्तिलाई एमालेभित्रको अन्तरसंघर्षका रूपमा कतिपयले चर्चा गरे ।

एमालेभित्रको अन्तरसंघर्षको चर्चाबारे आइतबार अध्यक्ष ओलीले प्रस्टयाउने कोसिस गरे । पार्टीमा कुनै गुट नरहेको दाबी गरे । »» पृष्ठ २ मा

## जनतासँग जोडिन अभियान चलाउने



एमालेले आगामी माघदेखि चैतसम्म ३ महिने वडा केन्द्रित अभियान संचालन गर्ने भएको छ ।

संगठन विभागका सचिव माधव ढुंगेलका अनुसार २ दिने कार्यशालापछि पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्न वडा केन्द्रित हुनुपर्ने निष्कर्ष निकालिएको हो ।

एमालेको केन्द्रीय संगठन विभागले काठमाडौंमा गरेको २ दिने कार्यशालाले ६ बुँदे घोषणापत्र जारी गरेको छ । यसमार्फत आधारभूत तहसम्म कमिटी निर्माण गर्ने र सदस्यता विस्तार सँगसँगै ‘जनतासँग जनसंगठन अभियान’ संचालन गर्ने संकल्प गरिएको छ ।

‘जनतासँग जनसंगठन अभियान’ संचालन गर्दै उनीहरूका चासो केन्द्रिकृत गर्ने र पार्टीलाई बलियो बनाउन भूमिका खेल्ने निर्णयमा पुगिएको एमालेका नेताहरू बताउँछन् ।

गत आमनिर्वाचनमा पपुलर मत पाए तापनि स्थानीय तहको उपनिर्वाचनपछि पार्टीको जनमत केही खस्केको निष्कर्षमा एमालेका नेता/कार्यकर्ताहरू छन् । जनमत बढाउन जनतासँग जोडिने कार्यक्रम लिएर लिएर अभियान »» पृष्ठ २ मा

## ‘अग्निपथ’मा भारतको चासो

भारतले सम्झौताबमोजिम गोर्खा रेजिमेन्टमा पूरै नेपाली भर्ना गर्नुपर्नेमा त्यसलाई क्रमशः उल्लंघन गरी ६० प्रतिशत नेपाली र बाँकी ४० प्रतिशतमा भारतीय नेपाली, गढवाली र कुमाउनीहरूलाई भर्ना गर्न थालिसकेको छ



**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३० मंसिर ।

सन् २०२२ मा भारतको केन्द्र सरकारले ल्याएको सैन्य सुरक्षा योजना (अग्निपथ)को विवाद अझै साम्य भएको छैन । यो योजनामा नेपाल प्रत्यक्ष जोडिए पनि नेपालले अहिलेसम्म कुनै निर्णय गरेको छैन ।

यो योजना भारतीय सेनामा ४ वर्षको अवधिमा सेवा गर्ने युवाहरूलाई भर्ती गर्ने कार्यक्रम हो । अग्निपथ योजनाअन्तर्गत भर्ना भएका सिपाहीलाई ‘अग्निवीर’ भनिएको छ ।

भारतको यो योजना नेपालसँग प्रत्यक्ष जोडिएको छ । अग्निपथअन्तर्गत नेपालीहरूलाई पनि भर्ना गर्नका लागि भारतले यो योजना ल्याएको हो ।

भारतले सहजीकरण गर्न नेपाललाई पत्राचार पनि गरेको थियो । नेपाल सरकारले केही बुँदामा बिमति जनाएपछि हालसम्म यो योजना नेपालको तर्फबाट स्थगित छ । योसँगै नेपालमा अग्निपथ योजनाको भविष्य अनिश्चिततामा धकेलिएको छ ।

तर, नेपालले भारतीय योजनामा सहभागी हुने वा नहुने स्पष्ट नभने पनि भारतले नेपालमाथि दबाब दिँदै आएको छ ।

नेपालले अग्निपथ स्थगन गरे पनि त्यसयता दुवै देशका उच्च अधिकारीहरूले एकअर्काको भ्रमण गरिसकेका छन् । यद्यपि, नेपालले कुनै निर्णय नलिएको बताउँदै आएको छ ।

यसबीच नेपाल र भारतका प्रधान सेनापतिहरूको नियमित भ्रमण पनि भएको छ । गत ५ मंसिरमा नेपाल भ्रमणमा आएका भारतका प्रधानसेनापति उपेन्द्र द्विवेदीले समकक्षी अशोकराज सिग्देलसँग भएको औपचारिक भेटमा ‘ननएजेन्डा’का रूपमा यो योजना »» पृष्ठ २ मा

छुट्टियो ज्योति समूह

## पद्म ज्योतिले बनाए नयाँ टिम



**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ३० मंसिर ।

इतिहास बोकेको व्यावसायिक घराना ज्योति समूह औपचारिक रूपमै छुट्टिएको छ । नेपालको उद्योग व्यवसायमा शताब्दी पुरानो विरासत बोकेको ज्योति समूहमा दाजुभाइबीच सम्पत्ति बाँडफाँट र कम्पनीहरूमाथिको नेतृत्व विवादकै कारण द्वन्द्वमा परेको थियो ।

दाजु पद्म ज्योति र भाइ डा. रूप ज्योतिबीच पारिवारिक विवाद १० वर्षअघि नै सुरु भएको थियो । २ दाजुभाइबीच सम्पत्ति विवाद प्रहरीमा उजुरी हुँदै अदालत तथा मिडियामा सार्वजनिक सूचना नै निकाएर सतहमै आएको थियो ।

लामो समयदेखि आन्तरिक विवाद टुंगिएको भन्दै दाजु पद्म ज्योतिले आइतबार नयाँ समूह र लोगो सार्वजनिक गरेका छन् । उनले ज्योति समूहलाई पद्म ज्योति समूह बनाएका छन् । पद्म ज्योति समूहको अध्यक्ष भएका छन् »» पृष्ठ २ मा



“एक शताब्दीभन्दा लामो समयदेखि ज्योति समूहको मार्गदर्शक सिद्धान्तको रूपमा जीवित रहेको आस्था, नवीनता र उत्कृष्टतालाई यथावत् राखी यो नवीन सुरुवातले व्यवसायलाई अग्रगति दिनेतर्फ नयाँ बाटो कोरिएको हो”

**पद्म ज्योति**
**अध्यक्ष, पद्म ज्योति समूह**

### विवादको सुरुवात

सन् १९२० मा भाजुरत्न र उनका छोरा मणिहर्ष ज्योतिले स्यामुकापुको स्थापना गरेर व्यावसायिक यात्रा सुरु भएको थियो । ज्योति समूहले हिमाल आइरन, हिमाल सिमेन्ट, भाजुरत्न इन्जिनियरिङ एन्ड सेल्स र हिमाल अक्सिजन नेपालकै पहिलो उद्योगको रूपमा स्थापना गरेको थियो ।

विवादको सुरुवात मणिहर्ष ज्योतिका छोरा पद्म ज्योति र रूप ज्योतिबीचको सम्पत्तिको हकाधिकारबाट भएको थियो । हिमालयन बैंकको संस्थापक शेयरको भागबन्डाबाटै ज्योति समूहका »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## न्यूनतम तलब कार्यान्वयनमा नआएको गुनासो

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरेबिया, ३० मंसिर ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् साउदी अरबले न्यूनतम तलब कार्यान्वयनमा नआएको भन्दै सरकारी निकाय जिम्मेवार नहुँदा नेपाली कामदार शोषणमा परेका बताएको छ ।

साउदीका लागि नवनियुक्त नेपाली राजदूत डा. नरेशविक्रम ढकाल र काउन्सिलर श्रम कविराज उप्रेतीलाई शुक्रबार स्वागत गर्दै एनआरएनए साउदी अरेबियाले सो कुरा बताएको हो ।

एनआरएनए साउदीकी अध्यक्ष रविना अर्यालको नेतृत्वमा शुक्रबार दूतावास पुगेका गैरआवासीय नेपालीहरूले राजदूत ढकाललाई ज्ञापनपत्र बुझाएका छन् । संघले साउदी अरबमा सन् २०३४ को विश्वकप फुटबल आयोजना गर्ने फिफाको निर्णयसँगै रंगशालालगायतका परियोजनामा आकर्षक तलबसहितको रोजगारी सिर्जना हुने भएकाले नेपाली कामदारलाई त्यसको लाभ दिलाउन नेपाली दूतावासको भूमिका प्रभावकारी हुनुपर्नेमा जोड दिएको छ । साउदी अरबले विश्वकप फुटबलका लागि ११ वटा रंगशाला बनाउँदै छ ।

नवनियुक्त राजदूत ढकाललाई बुझाएको ज्ञापनपत्रमा संघले फ्रि भिसा, फ्रि टिकटको डिमान्डमा कामदारबाट २ लाख रुपैयाँ असुली गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मौन बसेको आरोप पनि लगाएका छन् ।

संघले साउदीमा अझैसम्म पनि बहुसंख्यक कम्पनीले कामदारलाई दिनुपर्ने मासिक १ हजार रियाल तलब, खानाबापतको ३०० रियाल नदिएको र मागपत्र प्रमाणीकरण गर्दा नेपाली दूतावास सचेत र जिम्मेवार हुनुपर्ने, मापदण्ड पालना नभएका मागपत्रहरूलाई तत्कालै अस्वीकृत गर्नुपर्ने माग पनि गरेको छ ।

नेपाल सरकार र साउदी अरेबियाबीच श्रम सम्झौता नभएका कारण नेपालका म्यानपावर कम्पनी र साउदी अरेबियाका रोजगारदाताहरू मिलेर नेपाली कामदारलाई न्यून तलब दिएर शोषण गर्ने गरिएको भन्दै संघले कामदार अलपत्र पार्ने म्यानपावर कम्पनीको धरौटीबाट कट्टा गरी पीडित कामदारलाई क्षतिपूर्ति दिनुपर्ने, श्रम स्वीकृति नवीकरण गरेका कामदार समस्यामा परेमा सकेसम्म रोजगारदाता कम्पनीबाट क्षतिपूर्ति र नभए वैदेशिक रोजगार »» पृष्ठ २ मा

### राहदानी प्रतिलिपिमा नयाँ शुल्क

**रियाद/मस-** नेपाली राजदूतावास साउदी अरेबियाले १ पुस सोमबारदेखि राहदानीको प्रतिलिपि बनाउन नयाँ शुल्क तोकिएको बताएको छ ।

दूतावासले एक विज्ञप्ति जारी गर्दै १ पुस अर्थात् सोमबारदेखि ३४ पृष्ठको राहदानीका लागि ३०० साउदी रियाल (करिब ९ हजार रुपैयाँ) र ६६ पृष्ठको राहदानीका लागि ६०० साउदी रियाल (करिब १८ हजार रुपैयाँ) राजस्व दस्तुरबापत बुझाउनुपर्ने बताएको छ । राहदानी हराएमा, पाना च्यातिएमा, केरमेट भएको जस्ता कारणले नयाँ राहदानी बनाउने गरिएको छ ।

## पत्रकार महासंघमा पहिलो पटक महिला नेतृत्व



**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघको अध्यक्षमा निर्मला शर्मा विजयी भएकी छन् । अध्यक्षका प्रत्यासी रमेश बिष्टलाई १ हजार बढी मतले पछि पार्दै शर्मा विजयी भएकी हुन् ।

शर्मा नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालकी साझा उम्मेदवार हुन् । बिष्ट भने प्रेस युनियनका विद्रोही हुन् । उनलाई प्रेस सेन्टर र समाजवादी प्रेस संगठनको समर्थन थियो ।

देवीप्रसाद सापकोटा र लालसिंह लामा पनि अध्यक्षमा प्रतिस्पर्धी थिए । सबैलाई पछि पार्दै शर्मा विजयी भएकी हुन् । योसँगै पत्रकार महासंघले पहिलो पटक महिला नेतृत्व पाएको छ । महासंघको ६९ वर्षे इतिहासमा महासंघले पहिलो »» पृष्ठ २ मा

### आजको खेल

सुदूरपश्चिम रोयल्स VS कर्णाली याक्स

बिहान ९:०० बजे



# त्रिविमा ८ डीन र ३ कार्यकारी निर्देशक नियुक्त

**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयको विभिन्न संकायमा ८ जना डीन नियुक्त भएका छन्।

विश्वविद्यालयले ८ वटा संकायका डीन र ३ वटा अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक नियुक्त गरेको हो। त्रिवि कार्यकारी परिषद्को बैठकले उनीहरूलाई नियुक्त गरेको हो।

मानविकी तथा सामाजिकशास्त्र संकायको डीनमा प्राडा द्विविनन्द ढकाल नियुक्त भएका छन। त्यस्तै इन्स्टिट्युट अफ मेडिसिनको डीनमा प्राडा मोहनराज शर्मा, कृषि र पशुविज्ञान अध्ययन संस्थानमा डा. किशोरचन्द्र दाहाल, शिक्षाशास्त्र संकायमा प्राडा बेदराज आचार्य, वन विज्ञान अध्ययन संस्थानमा डा. ठाकुर सिलवाल,



व्यवस्थापन संकायमा प्राडा महानन्द चालिसे, इन्जिनियरिङ अध्ययन संस्थानमा सुशिल बहादुर ब्रर्जाचार्य र विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा प्राडा शंकर खनाल डीन नियुक्त भएका हुन्।

यस्तै योजना निर्देशनालयका निर्देशकमा डा. लक्ष्मीकान्त शर्मा, शिक्षा विकास तथा अनुसन्धान केन्द्रको कार्यकारी निर्देशकमा डा. राजेन्द्र कुँवर र व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रको कार्यकारी निर्देशकमा प्राडा मिनाराज भण्डारी नियुक्त भएका छन्।

केही दिनअघि मात्रै कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ७ गतेभित्र डीन नियुक्त गर्न निर्देशन दिएका थिए।

## मेरो...

'स्थानीय तहमा पार्टी कामका समस्या र समाधान विषयक' राष्ट्रिय कार्यशालालाई आइतबार सम्बोधन गर्दै ओलीले पार्टीमा ओली गुट, शंकर गुट, ईश्वर पोखरेल गुट, विष्णु पौडेल गुट भनेर भइरहेका हल्ला गलत भएका बताए। उनले पार्टीमा कुनै पनि गुट नभएको दाबी गरे।

'पार्टीमा ईश्वर पोखरेल गुट, विष्णु पौडेल गुट र शंकर पोखरेल गुट भनेर विभिन्न हल्ला आइरहेका छन्। हामीमाझ कुनै पनि गुट छैनन्', अध्यक्ष ओलीले भनेका छन्। ईश्वर पोखरेललाई वरिष्ठ उपाध्यक्ष, विष्णु पौडेललाई उपाध्यक्ष र शंकर पोखरेललाई महासचिव आफैंले बनाएको भन्दै उनले हल्लाका पछि नलाग्न नेता/कार्यकर्तालाई आग्रह गरे। ओलीले भनेका छन्, 'उहाँहरूलाई मैले नै पदाधिकारी बनाएको हो।'

अर्थात अध्यक्ष ओलीले पार्टीमा आफूले जिम्मेवारी दिएको भनेर आफूलाई पावरमा रहेको सन्देश दिएका छन्। फेरि पनि पार्टीमा आफ्नो विकल्प नरहेका उनको प्रष्ट आग्रह छ।

यही सन्देश दिने क्रममा अध्यक्ष ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टी जिम्मेवारीमा फर्किने विषय पनि बाहिर हल्ला भएको जस्तो नरहेको बताए।

'पूर्वराष्ट्रपति भण्डारीका विषयमा पनि विभिन्न चर्चा, परिचर्चा सुन्ने गरेको छु', ओलीले भनेका छन्, 'उहाँलाई पार्टीले नै राष्ट्रपति बनाएको हो। अब पार्टीको जिम्मेवारीमा फर्काउने काम पनि पार्टीकै हुन्छ।'

पार्टीभित्रको अन्तरसंघर्ष र विद्या भण्डारीको पार्टी जिम्मेवारीमा फर्किने विषयलाई पन्छाउन ओलीले एमाले फुटाउने प्रपञ्च भइरहेको र त्यसमा सचेत रहनुपर्ने विषय राखेका छन्।

एमाले फुटाउन विभिन्न प्रपञ्च भइरहेका उल्लेख गर्दै उनले सचेत हुन आग्रह गर्दै उनले भनेका छन्, 'जति हल्ला गर्‍यो, एमाले उति एक ढिक्का भएर अगाडि बढ्छ।'

## जनतासँग...

चलाउने उनीहरूको तयारी छ।

कार्यशालामा महासचिव पोखरेलले नै जनमत खस्केको तथ्य स्वीकार गर्नुपर्ने र आगामी रणनीति तय गर्नुपर्नमा जोड दिएका छन्।

हालै सम्पन्न स्थानीय तहको उपनिर्वाचनको मत परिणामको ब्याख्या गर्दै महासचिव पोखरेलले विगतको तुलनामा उपलब्धि देखिए पनि परिणाम उत्साहित हुनुपर्ने खालको नभएको भन्दै जनमत बढाउन पार्टीले जनतासँग जोडिने कार्यक्रम तय गर्नुपर्नेमा जोड दिए।

महासचिव पोखरेलले 'मिसन-२०८४' मा आधारित वार्षिक कार्ययोजना कार्यान्वयनमा असफल हुने छुट नभएको भन्दै यसअनुसार अगाडि बढ्न नेता/कार्यकर्तालाई निर्देशन दिएका छन्।

## "अग्निपथ"मा...

अगाडि बढाउन आग्रह गरेका सैनिक स्रोतले बतायो। सैनिक मुख्यालयमा गोप्य राखिएको यो प्रस्तावमा सैन्य अधिकारीहरूले छलफल गरेका छैनन्।

भारतका सेनापति नेपाल भ्रमण गरेको लगत्तै १६औं दिनमा प्रधानसेनापति सिग्देलले भारत भ्रमण गरी आइतबार स्वदेश फर्केका छन्। भ्रमणका क्रममा दिल्लीमा महत्त्वपूर्ण भेटवार्ता गरे पनि अग्निपथका विषयमा कुनै कुराकानी नभएको अधिकारीहरूले बताएका छन्।

स्रोतका अनुसार भारतीय सेनाध्यक्ष द्विवेदीले नेपाली प्रधानसेनापतिसँगको छलफलपछि नेपाललाई एउटा 'टार्गेट प्र्याक्ट्रिस ड्रोन' र 'फिल्ड' अस्पतालहरूसँग सम्बन्धित स्वास्थ्य उपकरणहरू उपलब्ध गराउने घोषणा गरेका थिए। त्यसबाहेक नेपाली सेनाध्यक्षलाई भारतीय सेनाका उच्च अधिकारीहरूले भारतीय सुरक्षा अवधारणा र आपसी चासोका विषयबारे ब्रिफिङ गरेका थिए।

भारतमा प्रधानसेनापति सिग्देललाई भारतीय सेनाको मानार्थ जनरलको उपाधिबाट सम्मानित गरिएको थियो। यस्तै, भारतीय स्थल सेनाध्यक्ष द्विवेदी नेपाल भ्रमणमा आउँदा उनलाई पनि मानार्थ जनरलको उपाधिबाट सम्मानित गरिएको थियो। त्यसक्रममा बलियो रक्षा र दुई पक्षीय साझेदारी कायम राख्नेबारे छलफल भएको नेपाली सेनाका प्रवक्ता गौरव के. सी.ले बताए।

'२ देशका प्रधानसेनापतिको भ्रमणका क्रममा राष्ट्रिय तहका भन्दा पनि सैनिक तहका विषयमा कुराकानी भएको छ', के. सी.ले भने।

'अग्निपथ' योजनाबारे २ देशका सैनिक नेतृत्वबीच कुनै छलफल नभएको उल्लेख गर्दै उनले भने, 'यो राष्ट्रिय विषय हो, सैनिक तहमा मात्र कुरा गरेर हुँदैन।'

'अग्निपथ' कार्यान्वयनमा आएपछि नेपालका कतिपय दलका नेता तथा सुरक्षा विश्लेषकहरू भारतीय सेनामा ४ वर्षको जागिर सकेपछि ठूलो संख्यामा हतियार चलाउन तालिमप्राप्त जनशक्ति बाहिरै बस्नुपर्ने भएकाले त्यसले राष्ट्रिय सुरक्षामा नै चुनौती थप्न सक्ने बताउँछन्।

'अग्निपथ'प्रति नेपालमा असन्तोष व्यक्त भएपछि तत्कालीन भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेले नेपालले कुनै निर्णय नगरे 'अग्निपथ'अन्तर्गतका कोटा अरूलाई उपलब्ध गराइने बताएका थिए।

**सैन्य अध्यास हुँदै**

नेपाल र भारतीय सेनाबीच पुसको दोस्रो साता २ देशका सेना सहभागी हुने सूर्यकिरण सैन्य अभ्यास नेपालमा हुँदै छ। सैन्य अभ्यास बुटवलको सालझन्डीमा हुने छ। सन् २०११ मा सुरु भएको उक्त संयुक्त अभ्यास दुवै देशमा आलोपालो हुँदै आएको छ। अहिलेसम्म त्यसका १७ वटा संस्करण पूरा भइसकेका छन्।

**के हो अग्निपथ ?**

ब्रिटिस-भारतले सन् १८१५ मा फर्स्ट गोर्खा रेजिमेन्ट स्थापना गरी गोर्खालीहरूलाई भर्ना सुरु गरेको थियो।

भारत स्वतन्त्र भएपछि नेपाल, बेलायत र भारतबीच ९ नोभेम्बर १९४७ मा त्रिपक्षीय गोर्खा भर्ना सम्झौता गरियो। त्यसमा ती १० वटा रेजिमेन्टहरूलाई बाँडफाँट गरी ४ वटा रेजिमेन्ट बेलायतले लैजाने र ६ वटा रेजिमेन्ट भारतसँग बस्ने व्यवस्था भयो।

'अग्निपथ' योजना सन् २०२२ मा लागू भएको हो। तर, नेपालबाट भारतीय सेनामा हुने भर्ती कोभिडका कारण सन् २०२० देखि नै प्रभावित भएको थियो।

अग्निपथअन्तर्गत भर्ना भएका सिपाहीको पहिचान 'अग्निवीर' हुने, एउटा इन्टेकमा भर्ना भएका अग्निवीरहरूमध्ये २५ प्रतिशतले मात्र पेन्सन पकाउने र बाँकी ७५ प्रतिशतले ४ वर्षे अस्थायी अवधि पूरा गरी एकमुष्ठ ११ लाख रुपैयाँ उपदानका रूपमा लिएर फर्किनुपर्ने बाध्यकारी व्यवस्था छ।

अग्निवीरले मासिक ३० हजार रुपैयाँ भत्ता पाउने भनिएको छ तर त्यसबाट ३० प्रतिशत रकम प्रतिमहिना ४ वर्षसम्म कट्टा गरिन्छ र जम्मा हुने रकममा बाँकी थपेर ११ लाख पुर्‍याएर एकमुष्ठ रकम दिएर अग्निवीरहरूलाई बिदाइ गर्ने योजना छ।

४ वर्षे अस्थायी जागिरमा रहेका र सेनामा भविष्य नभएका अग्निवीरहरूले युद्धमा कस्तो कार्यदक्षता प्रदर्शन गर्ने हुन्, त्यो स्पष्ट छैन।

भारतभित्रै पनि यो योजनाविरूद्ध धेरै ध्वंशात्मक आन्दोलनहरू भएका छन्। यद्यपि, सरकारले यो योजनालाई परिमार्जन नगरी नै अघि बढाएको छ।समाजमा फर्किने ७५ प्रतिशत अग्निवीरहरूबाट उत्पन्न हुन सक्ने सुरक्षा खतरालाई आँकलन गरी भारत सरकारले उनीहरूलाई पुनः जागिर दिने (रि-इम्प्लोइमेन्ट) योजना ल्याएको छ। रक्षा मन्त्रालय र गृह मन्त्रालयअन्तर्गतका सुरक्षा निकाय र उद्योगहरूमा उनीहरूलाई प्राथमिकताका साथ काम दिने भनिएको छ। तर, नेपालमा भने पुनः जागिरको समस्या छ।

भारतले सम्झौताबमोजिम गोर्खा रेजिमेन्टमा पूरै नेपाली भर्ना गर्नुपर्नेमा त्यसलाई क्रमशः उल्लंघन गरी ६० प्रतिशत नेपाली र बाँकी ४० प्रतिशतमा भारतीय नेपाली, गडवाली र कुमाउनीहरूलाई भर्ना गर्न थालिसकेको छ।

अग्निपथअन्तर्गत भर्ना भएको ४ वर्षपछि र त्यसपछिको प्रत्येक ब्याचका ७५ प्रतिशत अग्निवीरहरू नेपाल फर्केर आउने र स्वतः बेरोजगार बन्ने छन्।

## पद्म...

भने संस्थापक सदस्यमा मीरा ज्योति, सौरभ ज्योति, सुहृद ज्योति, सिर्जना ज्योति र आरती ज्योतिको टिम बनेको छ।

समूहको लोगोमा कलश र अष्टमंगल राखिएको छ। ज्योति समूह औपचारिक रूपमा छुट्टिएको घोषणा कार्यक्रममा अध्यक्ष पद्म ज्योतिले बाबु मणिहर्षको विर ासतलाई आत्मसात् गर्दै नयाँ अध्याय सुरु गरेको बताए।

उनले भने, 'एक शताब्दीभन्दा लामो समयदेखि ज्योति समूहको मार्गदर्शक सिद्धान्तको रूपमा जीवित रहेको आस्था, नवीनता र उत्कृष्टतालाई यथावत् राखी यो नवीन सुरुवातले व्यवसायलाई अग्रगति दिनेतर्फ नयाँ बाटो कोरिएको हो।'

केही समयदेखि ज्योति परिवार पारिवारिक कम्पनीहरूको पुनर्संरचना र विभाजनको कठिन क्षणबाट गुज्रिरहेको थियो। पारिवारिक विवाद नेपाली समाजमा मात्र नभई संसारभर हुने एक तथ्य हो भन्दै उनले भने, 'इतिहासले देखाउँछ कि परिवारहरू मात्र होइन, व्यवसाय, राज्य र राजनीतिक पार्टीहरू समेत बलियो हुनका लागि पनि टुक्रिन्छन्।'

यस्तै, पद्म ज्योति समूहका निर्देशक सौरभ ज्योतिले समूहमा समय सापेक्ष परिवर्तनकै लागि छुट्टिएको बताए। उनले भने, 'ज्योति समूहको पाँचौं पुस्ता पनि ठूलो भइसकेको छ र केही वर्षमा काममा जोडिन्छन्। त्यसैले पनि परिवर्तनको आवश्यकता हो। कुनै पारिवारिक समूह फुट्नु भनेको अझै बलियो हुनु हो।'

उनले पारिवारिक कलह बढेका कारण अलग समूह बनाउनका लागि ५ वर्ष अगाडि नै विधान नै बनाएर टुंग्याएको दाबी गरे।

## विवादको...

परिवारभित्र विवादको सुरुवात मानिन्छ।

ज्योति समूहका मुली बाबु मणिहर्षको निधनपछि ज्योति समूहको विरासत अध्यक्ष पद्म ज्योतिले लिएका थिए। तर, रूप ज्योतिले ४ वर्षअघि आफूलाई अध्यक्ष घोषणा गरेपछि विवाद थप उत्कर्षमा पुगेको थियो। २०३९ सालमै अंशबन्डा गरिएको भए पनि कम्पनीको शेयर सम्पत्ति बिवाद हुँदा २ दाजुभाइको विवाद सार्वजनिक रूपमै बाहिरिएको थियो।

दाजुभाइबीचको विवाद सर्वोच्च अदालतसम्म पुगेको थियो। यस्तै, पद्म ज्योतिले ग्रान्डी सिटी हस्पिटल भाडा नतिरेको भन्दै रूप ज्योतिले चलाइरहेको हस्पिटलमा भाडा नतिरी घर कब्जा गरेको आरोप लगाउँदै सूचना नै प्रकाशन गरेका थिए।

# प्रधानसेनापति स्वदेश फिर्ता



**काठमाडौं/मस-** भारत भ्रमणमा रहेका प्रधान सेनापति महारथी अशोक राज सिग्देल स्वदेश फिर्ता भएका छन्।

आइतबार प्रधान सेनापति महारथी सिग्देललाई बलाध्यक्ष रथी प्रदीप जंग केसीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे।

भ्रमणमा रहँदा सेनापति महारथी सिग्देललाई भारतीय महामहिम राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा आयोजित सुशोभन समारोहमा भारतीय स्थल सेनाको मानार्थ महारथी दर्जा प्रदान गरेकी थिइन्। भारतका स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीको औपचारिक निमन्त्रणामा सिग्देल मंसिर २६ गतेबाट भारत भ्रमणमा गएका थिए।

# मनाइयो ज्यापु दिवस तथा यःमरी पुन्ही

**काठमाडौं/मस-** २१औँ राष्ट्रिय ज्यापु दिवस तथा यःमरि पुन्हि आइतवार मनाइएको छ। यो पर्व विशेषतः नेवार समुदायले मनाउने गर्दछन्। यस पर्वमा चामलको पिठो, खुवा र चाकुबाट यःमरि बनाउने गरिन्छ।

यस अवसरमा काठमाडौँका विभिन्न स्थानमा विभिन्न कार्यक्रम गरी मनाइएको छ।

वसन्तपुरमा यःमरिको ठूलो प्रतिमा बनाई पूजा गरिएको थियो। नेवारी भेषभूषामा सजिएका युवायुवतीले बाजागाजासहित वसन्तपुर दरबार क्षेत्रको परिक्रमा गरेका थिए।



नयाँ धान भित्रिएको खुसीयालीमा नेवार समुदायले यःमरी पूर्णिमा पर्व हर्षोल्लासका साथ मनाउँछन्।

मार्गशीर्ष शुक्ल पूर्णिमाका दिनमा मनाइने योमरी पूर्णिमालाई यःमरी पुन्हि पनि भनिन्छ। नेवार समुदायको ठूलो चाडका रूपमा मनाइने यस चाडलाई खाद्य पदार्थको रसिलो चाडका रूपमा लिइन्छ। योमरी नयाँ धानबाट बनेको चामलको पीठो, चाकु र तिलबाट बनाइन्छ।

रूप ज्योतिले हस्पिटलले आगामी १० वर्षसम्म अग्रिम पेस्की बुझाएको भन्दै विज्ञप्ति निकालेका थिए। तर, पद्म ज्योतिले काठमाडौं महानगरको सहायतामा हस्पिटल खालि गराउन खोजेपछि महानगरले हटाउन सकेन।

सन् १९२० मा सुरु गरेको व्यवसायले १ शताब्दीसम्म नेपालको औद्योगिक क्षेत्रमा ठूलो ब्रान्डको रूपमा काम गरेको थियो।

## न्यूनतम...

बोर्डबाट राहत र उद्धार गरिनुपर्ने पनि संघको माग छ।

ज्ञापनपत्र बुझाउन संघका उपाध्यक्षद्वय हेम सुवेदी, मनीष कोइराला, महासचिव शुक्र मोक्तान, सचिव ध्रुवराज कटुवाल, सदस्यहरू दीपक ढुंगाना, भीम कार्की, काजीमान कन्दङ्वा, अमृत घिसिङ, पूर्वी क्षेत्रका क्षेत्रीय अध्यक्ष विष्णुप्रसाद भण्डारी, सदस्य प्रेम इजम, रियाद क्षेत्रका क्षेत्रीय अध्यक्ष महेश घिमिरे, सदस्य सुजन घिमिरे, अलकासिम क्षेत्रका क्षेत्रीय अध्यक्ष कृष्ण अधिकारी, सचिव सिद्धिलाल श्रेष्ठ नेपाली दूतावास गएका थिए।


# Suryodaya Municipality
# Fikkal Hospital
## Fikkal, Ilam

**Invitation for Bid**

**First date of publication: 1st of Poush, 2081 (16th of December, 2024)**

1. The Fikkal Hospital, Fikkal, Ilam invites electronic bids from eligible bidders for the procurement of Medicines and Related Items for Hospital Pharmacy under National competitive bidding – Single Stage Single Envelope procedures.

Details of Supply

| S. No. | Contract Identification No. | Name of Project | Bid Security Amount NRs. | Bid Document Fee NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | FH/NCB/ SUPPLY02-081/082 | Procurement of Medicines and Related Items for Hospital Pharmacy Phase II | 360,000.00 | 3,000.00 | Item-wise Contract |

The scanned copies of the Bidders Registration Renewal up to F/Y 081/082, DDA Registration Certificate (Licensee) with Renewal for F/Y 081/082, PAN/VAT Registration and Tax Clearance certificate or Tax return submission evidence or evidence of tax time extension for F/Y 080/81, the scanned copy (pdf format) of the Bank Deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

2. Bidder's must submit the evidence of having experience under supply contracts in the role of prime supplier (single entity or JV member) or subcontractor for at least the last **3 years in supplying medicines to the hospitals with Health Insurance Provision from Health Insurance Board (HIB)** prior to the applications submission deadline.

3. Eligible bidders can participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp. Information regarding Financial Institution for Bid Document Fee and Bid Security is given below :

| Information to Deposit the Cost of Bidding Document in Bank | Information to Deposit Bid Security in the Form of Cash |
|---|---|
| Name of the Bank: Rastriya Banijya Bank, Fikkal Branch, Ilam<br>Account Name: FIKKAL ASPATAL<br>Account No.: 2100100002690001 | Name of the Bank: Rastriya Banijya Bank, Fikkal Branch, Ilam<br>Account name - FIKKAL ASPATAL<br>Account No.: 2100100002690001 |

**General information related to Electronic Bids are :**

| Pre-bid Meeting | Last Date of Bid Submission | Bid Opening | Bid Validity | Bid Security ValidityPeriod |
|---|---|---|---|---|
| Date: 22nd of Poush, 2081 (6th of January, 2025)<br>Time: 1:00 p.m.<br>Place: Fikkal Hospital Office, Fikkal, Ilam | Date: 2nd of Magh, 2081 (15th of January, 2025) Time: 12:00 p.m.<br>Place: Fikkal Hospital Office, Fikkal, Ilam | Date: 2nd of Magh, 2081 (15th of January, 2025)<br>Time: 13:00 p.m.<br>Place: Fikkal Hospital Office, Fikkal, Ilam | Minimum 90 days from the last date of bid submission. | Minimum 30 days beyond the bid validity period. |

When submitting the bid rates, the details must be filled out only on the certified form with the seal of the Fikkal Hospital, Fikkal, Ilam and the signature of the authorized person, along with the seal and signature of the bidder's firm or company.

4. The price of medicines and medicinal products must be at least lower than the maximum retail price. While submitting the rates, the amount excluding VAT must be clearly mentioned in both figures and words. In case of any discrepancy between the rates mentioned in figures and words, the rate in words will be considered valid.
5. The hospital reserves the full right to accept or reject the bid, approve only partial items, or cancel it altogether. Medicines and medicinal products will be supplied as per the item-wise rates approved for each respective company.
6. The approved items in the bid must be delivered to the hospital within 10 days from the date of receiving the purchase order. Otherwise, the hospital will directly purchase the medicines and medicinal products from the market. If the cost of such purchases exceeds the bid price, the difference will be recovered from the bidder's security deposit or the remaining payment due.
7. At the time of acceptance, medicines and medicinal products must have at least 18 months of shelf life remaining, or in the case of short-term medicines, 75 percent of the shelf life must be remaining.
8. For matters not mentioned in this notice, the Public Procurement Act 2063 (with the latest amendments) and the Public Procurement Regulation 2064 (with the latest amendments) and applicable laws will apply.

**Office Chief**

# सरकार परिवर्तनको संभावना छैन : गृहमन्त्री

**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले वर्तमान सरकारको परिवर्तनको कुनै सम्भावना नरहेको बताएका छन् ।

चितवनमा आइतबार सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै मन्त्री लेखकले एमाले र कांग्रेसबीच भएको सहमतिअनुसार वर्तमान सरकार आफ्नो कार्यभार अघि बढाउँदै जाने बताए ।

गृहमन्त्री लेखकले संविधान संशोधन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र समावेशितालाई थप सुदृढ र प्रभावकारी बनाउने उद्देश्यले गर्न लागिएको स्पष्ट पारे ।

उनले संविधान संशोधनको प्रारम्भिक छलफल दुई ठूला राजनीतिक दलहरूले सुरु गरिसकेको समेत बताए । संविधान संशोधन दुई दलको प्रयासले मात्र सम्भव नहुने भन्दै सबै राजनीतिक दलहरूसँगको समन्वय र सहमतिका साथ अघि बढ्ने



योजना रहेको उनले बताए ।

गृहमन्त्री लेखकले संविधानको १० वर्षे अभ्यासका क्रममा देखिएका सबल र दुर्बल पक्षलाई पहिचान गरेर सबै दलहरूबीच संवाद र छलफलमार्फत सहमतिका साथ संविधान संशोधन गरिने जानकारी दिए ।

'संविधान संशोधनको कुरा गर्दा विभिन्न प्रकारका व्याख्या भइरहेका छन् । हाम्रो उद्देश्य भनेको संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशिताको सिद्धान्तलाई अझ बलियो बनाउनु हो,' उनले भने ।

मन्त्री लेखकले पूर्वप्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सहकारी ठगी मुद्दामा पक्राउ परेका रवि लामिछाने माथि गरेको पछिल्लो टिप्पणी दुर्भाग्यपूर्ण भएको बताए ।

प्रचण्डको टिप्पणी अदालत र देशको कानुनलाई प्रभावित बनाउने खालको भएको उनको भनाइ छ । सरकारले कसैमाथि पनि प्रतिशोधपूर्ण व्यवहार नगरेको दाबी गर्दै गृहमन्त्री लेखकले कानुनले तोकेको समयभन्दा बढी कसैलाई पनि थुनामा नराखेको र अदालतले दिएको समयभित्र अनुसन्धान गरी अदालतमा नै पेस गरेको उनले बताए ।

पूर्वप्रधानमन्त्री प्रचण्डले केही समय अगाडि सामाजिक सञ्जाल फेसबुकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका लामिछाने माथि सरकारले प्रतिशोधपूर्ण व्यवहार गरेको टिप्पणी गरेका थिए । प्रचण्डको उक्त अभिव्यक्तिलाई गृहमन्त्री लेखकले न्यायिक प्रकृयालाई प्रभावित गर्ने र अनुसन्धानलाई अवरुद्ध गर्ने प्रयत्नका रूपमा अर्थाए ।

# सिरहा सेवा समाज कतारको अध्यक्षमा जयप्रकाश यादव



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३० मंसिर

सिरहा सेवा समाज कतारको नवौं अधिवेशनको बन्द सत्रमार्फत जयप्रकाश यादवको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । शुक्रबार सनैयास्थित फूलबारी रेस्टुरेन्टको सभा हलमा दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट जयप्रकाश यादवको अध्यक्षतामा ४० सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो ।

समाजको आगामी एक कार्यकालका लागि सर्वसम्मत निर्वाचित कार्यसमितिको प्रथम उपाध्यक्षमा अब्दुल कादिर, द्वितीय उपाध्यक्षमा शिवनाथ यादव, तृतीय उपाध्यक्षमा विनोद कुमात सिंह महासचिवमा मनोज चौधरी सचिवमा कपिलदेव यादव, बालेश्वर यादव, कोषाध्यक्ष विश्वेश्वर चौधरी, सहकोषाध्यक्षमा रमानन्द राम, युवा संयोजकमा बलराम यादव, युवा सह संयोजक ध्यानी कामती मिडिया कोर्डिनेटर राम एकवाल राम, सह मिडिया कोर्डिनेटर सियाराम यादव चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा दीपेन्द्र प्रसाद यादव, सफिरुल राईन, वीरेन्द्र कुमार साह, शिव कुमार यादव, नाईम साफी, रामचलितर यादव, ज्ञानेन्द्र मण्डल, दुर्गेश यादव, वीरेन्द्र यादव, शिवकुमार यादव, वीरेन्द्र सिंह, असरफ अलि, अर्जुन यादव रहेका छन् । त्यसैगरी संस्थाको सल्लाहकार संयोजकमा याकुब मिया, सल्लाहकारहरूमा, शिवकुमार महतो, राम जुलुम साह, उदय मण्डल , पवन ठाकुर, जाकिर राईन, रामकुमार यादव, राम कल्याण महतो, रामकुमार यादव, रामसुबन यादव, प्रमोद ठाकुर, सुमनारायण चौधरी, अरुण यादव, सन्तोष विश्वकर्मा रहेका छन् ।

विविध सांगीतिक प्रस्तुतिसहित सम्पन्न अधिवेशनको खुला सत्र जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश कुमार महतोको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष प्रेम मण्डलको सभाध्यक्षतामा सम्पन्न भएको हो । जयप्रकाश यादवले स्वागत मन्तव्य राखेको कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि सहित विभिन्न व्यक्तित्वहरूको उपस्थिति सहित शुभकामना मन्तव्य रहेको थियो । कार्यक्रममा समाजलाई विभिन्न कालखण्डमा सहयोग गर्ने समाजका विशिष्ट व्यक्ति, सिरहाली, सहयोगी, पत्रकार, कलाकारहरूलाई कदर पत्रले सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि महतोलाई प्रशंसा पत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो । सम्मानपश्चात आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथिले अब आउने नयाँ कार्यसमितिले कतार र गृह जिल्ला सिरहासँग जोडिएर थप राम्रा काम गर्ने विश्वास व्यक्त गर्दै आउने नयाँ कार्यसमितिलाई शुभकामनासमेत व्यक्त गरेका थिए । पत्रकार रामएकवाल रामले सहजीकरण गरेको कार्यक्रममा खुला सत्रको कार्यक्रमलाई समापन गर्दै सभाध्यक्ष प्रेम मण्डलले आफ्नो कार्यकाललाई सफल बनाउन विभिन्न तह तप्काबाट सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद व्यक्त गर्दै नयाँ कार्यसमितिलाई सफल कार्यक्रमको शुभकामना पनि व्यक्त गरेका थिए ।

# विश्व हिन्दु महासंघ अध्यक्षमा अस्मिता



**काठमाडौं/मस-** विश्व हिन्दु महासंघ अन्तर्राष्ट्रियको शनिबार सम्पन्न महासभाले अस्मिता भण्डारीलाई अध्यक्षमा चयन गरेको छ । यसअघि भण्डारी कार्यबाहक अध्यक्षको भूमिकामा थिइन् ।

जनकपुरमा सम्पन्न महासभाले भण्डारीलाई अध्यक्षमा चयन गरेको हो । अध्यक्ष चयन भएपछि भण्डारीले विश्वभर छरिएर रहेका हिन्दुहरूलाई एकताबद्ध गर्ने र आत्मसम्मानसाथ बाँच्न पाउने वातावरणका लागि पहल गर्ने बताइन् ।

उनले विश्वका केही स्थानमा हिन्दुमाथि भइरहेका हिंसाप्रति खेद प्रकट गर्दै त्यस्ता घटना हुन नदिने अवस्था सिर्जनाका लागि भूमिका खेल्ने धारणा राखिन् । नेपाललाई हिन्दु अधिराज्य बनाउन पहल गर्ने, हिन्दुहरूका लागि सहयोग होस् भन्ने उद्देश्यले बास्केट फन्ड बनाउनेलगायतका योजना रहेका उनको भनाइ छ ।

महासभामा १७ वटा देशमा शाखा रहेको महासंघका १२ वटा देशका प्रतिनिधि सहभागी रहेका भण्डारीले जानकारी दिइन् ।

# विद्यालय सुधार योजना कार्यान्वयन गर्छौं : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० मंसिर

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सन्धिखर्क नगरपालिका-९ रहिसचौरस्थित अर्घा रजस्थल माध्यमिक विद्यालयको स्वर्णजयन्ती महोत्सवको उद्घाटन गरेका छन् । भव्य कार्यक्रमकाबीच मुख्यमन्त्री आचार्यले स्वर्णयन्ती महोत्सवको उद्घाटन गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बढाउन विद्यालय सुधार योजनालाई प्रभावकारी कार्यान्वयन गर्न जोड दिए । 'एक्लो प्रयासले मात्रै शैक्षिक गुणस्तर बढाउन सकिँदैन । यसका लागि चौतर्फी सहकार्य र साझा प्रयासको खाँचो पर्दछ'उनले भने,'विद्यार्थीलाई उत्प्रेरित गर्ने, अभिभावक जागरुक हुने, शिक्षक तथा विद्यालय परिवार उत्साहित भएर विद्यालय सुधार योजनालाई प्रभावकारी कार्यान्वयनमा जुट्न जरुरी छ ।'



अर्घा रजस्थल माध्यमिक विद्यालयलाई यहाँसम्म ल्याइपुऱ्याउन धेरैको योगदान र भूमिका रहेको स्मरण मुख्यमन्त्री आचार्यले गराए । 'यो विद्यालयलाई यहाँ सम्म ल्याइ पुऱ्याउने धेरै अग्रजहरु हुनुहुन्छ । कति त दिवंगत हुनुभयो, उहाँहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु'उनले भने,'विद्यालयलाई अघि बढाउन अझैं क्रियाशिल रहनुभएकाहरुप्रति हार्दिक धन्यवाद भन्न चाहन्छु ।'

विद्यालय सञ्चालन गर्दा शिक्षकहरुलाई तलव खुवाउन नसक्ने अवस्थाबाट पार पाउँदै आजको अवस्थामा आइपुग्दाको क्षणको स्मरण गरेका मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले विद्यालयको शैक्षिक उन्नयनका लागि सक्दो सहयोग पर्ने प्रतिबद्धता व्यक्त गरे । 'विद्यालय सञ्चालन गर्दा पठनपाठन गराउने गुरुहरुलाई तलव खुवाउन समस्या थियो । भैलो खेलेर जम्मा गरेको रकमबाट तलव खुवाइन्थ्यो'उनले विगत सम्झदै भने,'अहिले विद्यालय विशाल भएको छ । जस्तो सोचेका छौं, विद्यालयलाई त्यहाँसम्म पुऱ्याउन जरुरी छ ।' स्वर्णजन्तीको अवसरमा मुख्यमन्त्री आचार्यले विद्यालय परिसरभित्र स्मारिका मञ्चको शिलान्यास समेत गरेका छन् । यो विद्यालयमा मुख्यमन्त्री आचार्यले अक्षरारम्भ गर्दै कक्षा पाँचसम्म अध्ययन गरेका थिए ।

# मनाङमा लामिछानेको दोस्रो निर्विरोध नेतृत्व

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघ मनाङको अध्यक्षमा नविन लामिछाने दोहोरिएका छन् । लामिछाने आगामी कार्यकालका लागि पनि अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् ।

मनोनयनपछि कुनै पनि पदमा दाबी विरोध र उजुरी नपरेपछि लामिछाने दोस्रो कार्यकाल पनि निर्विरोध हुँदै उनको नेतृत्वमा सर्वसम्मत कार्यसमिति चयन गरिएको छ । उपाध्यक्षमा फूर्वा छिरिङ लामा, महिला उपाध्यक्षमा सविना सिंह महर्जन, सचिवमा मिनकाशी गुरुङ, कोषाध्यक्षमा मालती घले र सहसचिवमा



तिलबहादुर गुरुङ चयन भएका छन् । यस्तै सदस्यमा सेराप गुरुङ, सुरेश कुमार थापा, उषा ठकुरी र दुर्गा घले चयन भएका छन् ।

हिमाली जिल्ला मनाङमा विगत १८ वर्षदेखि पत्रकारिता गर्दै आएका अध्यक्ष लामिछाने राष्ट्रिय समाचार समिति (रासस)कर्मी हुन् । उनी नवीन अंकुरको नामले पनि परिचित छन् । अत्यधिक चिसो मौसम रहने मनाङमा माइनस २० डिग्रीसम्म तापक्रम घट्ने गर्छ । तर लामिछाने यस्ता समस्यालाई छिचोल्दै विश्वकै सबैभन्दा उचाइमा रहेको मनाङको तिलिचो तालसम्म ४० पटकसम्म पुगेर रिपोर्टिङ गर्दै आएका छन् ।

मनाङमा रहेका विभिन्न किसिमका समस्या, त्यहाँका नागरिकले भोग्नुपरेका समस्यालगायतका विषयवस्तुलाई केन्द्रबिन्दुमा राखेर लामिछानेले आफ्नो कलम चलाउँदै आएका छन् ।

# होमियोप्याथिक उपचारमा 'ओम होमियोप्याथिक क्लिनिक'




**प्रदीप सिंह/मध्यान्ह**
लहान, ३० मंसिर

लहान नगरपालिका वडा नम्बर ८, रोड नम्बर २ मा रहेको ओम होमियोप्याथिक क्लिनिक अहिले बिरामीहरूको भरोसाको केन्द्र बनेको छ । होमियोप्याथिक विशेषज्ञ डा. रिना यादव (बीएचएमएस, भारत)को कुशल उपचार सेवाले यो क्लिनिकले चिरफार नगरी प्राकृतिक विधिबाट विभिन्न रोगहरूको सफल उपचार गर्दै आएको छ । डा.यादवले होमियोप्याथिक औषधिको प्रयोगबाट बिरामीहरूको दीर्घकालीन समस्याहरू समाधान गर्दै जीवनमा परिवर्तन ल्याएको दाबी गरिन् । 'होमियोप्याथिक औषधिहरू साइड इफेक्टरहित हुन्छन् । यी औषधिले बिरामीको रोगलाई जडबाट हटाउने मात्र होइन, उनीहरूको जीवनलाई स्वस्थ र सहज बनाउने काम गर्छ,' उनले बताइन् ।

ग्यास्ट्रिक समस्याबाट पीडित सरिता यादवले आफ्नो अनुभव सुनाउँदै भनिन्, लामो समयदेखि पीडित थिए । डा. रिनाको उपचार सुरु गरेपछि अहिले म पूर्ण रूपमा निको भइसकेकी छु । यस्तो चमत्कारिक नतिजाको आशा मैले कहिल्यै गरेकी थिइनँ ।'

यस्तै, छालाको समस्याबाट ग्रस्त रिता खातुनले आफ्नो अनुभव साझा गर्दै भनिन्, 'डा. रिनाको उपचारबाट अहिले मेरो अनुहार चम्किलो बनेको छ । म उहाँको उपचारप्रति अत्यन्तै आभारी छु ।'

ओम होमियोप्याथिक क्लिनिकले छालाको समस्या, पाइल्स, फिस्टुला, हड्डी खियाउने, नसाच्यापिने, टाउको दुख्ने, निन्द्रा नलाग्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, मृगौलाको पत्थरी, पिसाब पोल्ने र ग्यास्ट्रिकजस्ता समस्याहरूको उपचार उपलब्ध गराइरहेको छ। यसका अतिरिक्त, पिनास, टन्सिल तथा तल्लो पेट दुख्ने समस्यामा पनि यहाँ चिरफार नगरी मात्र औषधिको प्रयोगबाट समाधान गरिन्छ ।

डा.यादवले आफ्नो उपचार पद्धतिमा पूर्ण विश्वास व्यक्त गर्दै भनिन्, 'होमियोप्याथिक औषधि मात्र रोगलाई ठीक गर्ने औषधि होइन । यो सम्पूर्ण जीवनशैलीलाई सुधार गर्ने उपाय पनि हो । बिरामीलाई शारीरिक मात्र होइन, मानसिक रूपमा पनि निरोगी बनाउनु नै हाम्रो मुख्य लक्ष्य हो ।' डा.यादवको कुशल नेतृत्व र होमियोप्याथिक औषधिको गुणस्तरले ओम होमियोप्याथिक क्लिनिक आज लहान मात्र होइन, आसपासका क्षेत्रका बिरामीहरूको पहिलो रोजाइ बनेको छ । बिरामीहरूको उत्साहजनक प्रतिक्रिया र सफल उपचारका कहानीहरूले यस क्लिनिकलाई थप विश्वासिलो बनाइरहेको छ ।

# पत्रकार महासंघ रौतहटका नवनिर्वाचित पदाधिकारीलाई शपथ




**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० मंसिर

नेपाल पत्रकार महासंघ रौतहट शाखाका नवनिर्वाचित पदाधिकारीलाई निर्वाचन अधिकृत वरिष्ठ पत्रकार विनयकुमार लाल दासले शपथ र पदभार ग्रहण गराएका छन् ।

नेपाल पत्रकार महासंघ रौतहट शाखाको नयाँ कार्यसमितिमा नवनिर्वाचित अध्यक्ष संजय कुमार कार्की,उपाध्यक्ष दिल्ली बहादुर कार्की, महिला समावेशी उपाध्यक्ष बिना राउत श्रीवास्तव, सचिव गौतम श्रेष्ठ, सहसचिव दिनेश यादव संगम, जितेन्द्र श्रीवास्तव, कोषाध्यक्ष संजय साहनी, सदस्यहरु रश्मी पटेल, रुद्र कुमारी कार्की, रामपुकार पटेल, नन्द भुषन श्रीवास्तव, उमेश यादव, राम प्रवेश बैठा, कृष्ण तिवारी, संघ परिषद सदस्य शैलेन्द्र कुमार गुप्ता, प्रदेश परिषद सदस्य रमेश तिमिल्सिनाले शपथ र पदभार ग्रहण गरेका छन् ।

## कतारमा रोजगार

कम्पनी: QATAR INTERNATIONAL CLEANING AND TRADING CO — शहर: Doha
पुर्व स्वीकृत मिति: २०८०/०९/११ — चलानी नं.: ६०२१२२४८ — L.T. No.: 297101 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 2 | 1 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: QATAR INTERNATIONAL CLEANING TRADING & CONTRACTING CO. (QAMAC) L.L.C. — शहर: Doha
पुर्व स्वीकृत मिति: २०८०/०५/०१ — चलानी नं.: ६०२०६४१५ — L.T. No.: 291065 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 1 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष ८ गते (23 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Regd. No.: 301546/079/080 — Govt. Lic. No: 1578/079/80
Recruitment Partners Pvt. Ltd.
साविकको नाम: Qatar International Manpower Pvt.ltd.
P.O. Box 7311, Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971, 9851349039
E-mail: info@rpnepal.com

## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ यथाशिघ्र यस प्रालिमा सम्पर्क राख्नुहोला ।

पब्लिक रिलेसन अफिसर (पि.आर.ओ) - २ (पुरुष)
Accountant - १ (महिला)
अनुभव : (सम्बन्धित फिल्डमा काम गरेको हुनुपर्ने छ।)

तलब आपसी समझदारीमा तय गरिनेछ ।

SR Group Nepal Pvt.Ltd
श्रम ईजाजत पत्र नं. १२५९/०७४/०७५
Bhimsengola, Old Banaeshwor, Kathmandu, Nepal, Phone No.: +977-01-4480472/4495335
Email : sr.overseasnepal@gmail.com, Web. : www.srgroupnepall.com.np

## साधारणसभा सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०९/०१**

यस ओभरसिज नेपालिज इन्भेस्टमेन्ट कम्पनी लिमिटेड (ओनिक) को संचालक समितिको मिति बि.सं. २०८१ मंसिर २७ गते, तदनुसार इस्वी सम्वत् २०२४ डिसेम्बर १२ तारिक बिहिबारको दिन बसेको संचालक समितिको बैठकको निर्णयबमोजिम ओनिकको आठौं साधारणसभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा गरिमामय उपस्थितिका लागि यो सूचना जारि गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति र स्थान** : २०८१ पुस २१ गते आइतबार (5 January, 2025).
कम्पनीको रजिस्टर्ड कार्यालय साथै बिद्युतीय माध्यम

**साधारणसभामा पेस गरिने प्रस्तावहरु:**

१) आ.ब. २०८०/०८१ को लेखापरीक्षण प्रतिबेदन पारित गर्ने बारेमा ।
२) आ.ब. २०८१/०८२ को लेखापरीक्षक नियुक्त गर्ने बारेमा ।
३) कम्पनी सचीबको नियुक्ति गर्ने बारेमा ।
४) प्रबन्ध पत्र र नियमावली सम्सोधन गर्ने बारेमा । ५) आइपिओ निष्कासन गर्ने बारेमा ।
६) पुजी वृद्धि गर्ने बारेमा । ७) कम्पनीको उदेश्य थप गर्ने बारेमा । ८) बिबिध ।

**कम्पनी सचिव**

Overseas Nepalese Investment Co.Ltd.
का.म.न.पा.-२९, अनामनगर काठमाडौं, नेपाल
फोन : ०१-४३३००३७, मोबाइल : ९८६१५९५८५९
E-mail : oninvestmentltd@gmail.com
Web : www.onic.com.np

## लुम्बिनी साँस्कृतिक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
महिलवार, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०९/०१

यस कार्यालयबाट प्रकाशित बोलपत्र आवहानको सूचना अनुसार तपसिलमा उल्लेखित खरिद नम्बर र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यको लागि रीतपूर्वक EGP मार्फत दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सरोकारवाला सबैको जानकारीको लागि जारी गरिएको छ।

| सि.नं. | खरीद नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (भ्याट र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| 1 | LCM-SQ-8-2081®82 | Culvert Nirmaan Karya | Anas Nirman Sewa | 611,446.00 |
| 2 | LCM-CB-01-081®82 | Banjarahi dekhi Ajma smma sadak baato nirmaan | Jay Bishnu Builders | 8,493,167.50 |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
१ पुस २०८१, सोमबार
16 December 2024, Monday

## सम्पादकीय

# एमालेको अनावश्यक निर्णय

नेकपा एमालेको केन्द्रीय संगठन विभागले पार्टी नेतृत्वविरूद्धका षड्यन्त्र र कुप्रचारको जमेर प्रतिवाद गर्ने संकल्प गरेको छ । देशभरका जिल्ला अध्यक्ष, सचिव र संगठन विभाग प्रमुख सम्मिलित कार्यशालाबाट यस्तो संकल्प गरिनु अर्थपूर्ण छ किनकि जनतासँग जोडिने र आधारभूत तहका कार्यकर्तासँग प्रत्यक्ष सम्पर्कमा रहने पंक्तिका नेताहरूले गरेको संकल्पबाट देखिनेगरी असर ल्याउन सक्छ । यस्तो संकल्प गर्नुको औचित्यबारे एमाले नेताहरूले पार्टी नीति, नेतृत्व र राजनीतिक कार्यदिशाको रक्षार्थ जमेर प्रतिवाद गर्नुपरेको तर्क गरेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओली देशकै कार्यकारी प्रमुख रहेकाले पनि यस्तो संकल्पलाई चासोका साथ हेरिनुपर्छ । यदि देशका प्रधानमन्त्री अप्ठ्यारोमा हो भने त्यसको असर सरकारको कामकारबाहीमा पर्ने छ । त्यसैले एउटा निकास दिन जरूरी छ ।

अर्कातर्फ कुप्रचार त एमाले नेतृत्वविरूद्ध मात्र नभएर कसैविरूद्ध पनि हुन हुन्न । सही सूचना दिनु नागरिक दायित्व हो । आमसंचार माध्यमको कुरा गर्ने हो भने, उसलाई आचारसंहिताले गलत सूचना संम्प्रेषण गर्न दिँदैन । कुनै आमसंचार माध्यमले गलत सूचना सम्प्रेषण गरेको छ भने उसमाथि प्रेस काउन्सिलमा उजुरी दर्ता हुन्छ । काउन्सिलले निरूपण गर्न नसक्ने मुद्दालाई अदालतले निर्णय गर्छ । तसर्थ, कुप्रचार कसैका विरूद्ध पनि गरिनु हुन्न । सँगै सही सूचना सम्प्रेषणको दायित्व सरकारको पनि हो । सही सूचना जनतासम्म लैजानकै निम्ति मन्त्रिपरिषद्देखि सामान्य कार्यालयमा समेत प्रवक्ता तोकिने गरेको छ । सरकारी संचार माध्यमहरू संचालित छन् । तसर्थ, सही सूचनाको आदानप्रदान राज्य र नागरिकको दायित्व हो ।

तर, एमाले निर्णयको पछाडि भने सही सूचना लुकेको तनाव मात्र रहेको मान्न सकिँदैन बरू पार्टीले लिने जस्तासुकै निर्णयमा कार्यकर्ता र जनतालाई सहमत गराउने नीति लिएको अनुमान लगाउन सकिन्छ । देशका प्रधानमन्त्री र दोस्रो ठूलो राजनीतिक दलका अध्यक्षलाई गरिएको प्रश्नलाई कुप्रचारको संज्ञा दिन सजिलो हुन सक्छ । सिंगो पार्टी पंक्ति परिचालित जनताले गर्ने प्रश्नको प्रतिवाद हुन सक्छ । यसले लोकतान्त्रिक शासन प्रणालीको रक्षा गर्दैन । कार्यकारीलाई प्रश्नमार्फत नागरिकप्रति जबाफदेही बनाउने प्रणाली कमजोर बनाउन सक्छ । अपवादका घटनालाई लिएर यस्तो निर्णय गरिएको हो भने त्यो पनि गलत हो किनकि कानुन हातमा लिएर कसैले पनि कुप्रचार गर्छन् भने ऊ कानुनी कारबाहीको भागीदार हुनुपर्छ । उदाहरणका निम्ति प्रधानमन्त्रीमाथि अपुष्ट आरोप लगाउने दुर्गा प्रसाईं अहिले प्रहरी हिरासतमा अनुसन्धानरत छन् । त्यसैले एमालेले लिन हिँड्न खोजेको बाटो सही होइन । सबै प्रश्नलाई समग्रमा कुप्रचार भन्ने भाष्य सिर्जना गरिँदा भोलि आउने संकटले स्वयं एमालेसमेत नबाँच्न सक्छ ।

# सकारात्मक संचार र नेतृत्व विकास

अग्रलेख



● डा. आर. सी. लामिछाने

> सकारात्मक संचार र नेतृत्वले सकारात्मक कुराहरू,विगतका सफलताहरू र भविष्यका अवसरहरू खोजेर सकारात्मक सवालहरू प्रस्तुत गर्छ र सकारात्मक तथा विश्वासको वातावरण निर्माण गरी नेतृत्वलाई जबाफदेही र जिम्मेवार बनाउँछ भने नागरिकहरूलाई सशक्त बनाउँछ

आगामी १६ देखि १९ माघसम्म इस्टर्न रिसर्च इन्स्टिच्युट अफ पोजिटिभ साइन्स (इरिप्स)ले सकारात्मक संचार र नेतृत्व विकासका लागि प्रसंसनीय खोज तालिमको आयोजना गरेको छ ।

प्रसंशनीय खोज एक यस्तो सकारात्मक दृष्टिकोण हो, जसले व्यक्ति, परिवार, समूहहरू, संस्थाहरू, समुदाय तथा देशमा भएका सबल पक्षहरू, सफलताहरू एवं संभावनाहरूको पहिचान गरी त्यसको अधिकतम उपयोगद्वारा सकारात्मक रूपान्तरण र दिगो विकासको मार्ग प्रशस्त गर्छ ।

यो विधि समस्या सामाधान विधिको ठीकविपरीत सबलतामा आधारित विधि हो । यस विधिले व्यक्तिको सोचलाई सकारात्मक तरिकाले उत्प्रेरित गरी सकारात्मक प्रश्नहरूको माध्यमवाट व्यक्ति, परिवार, संघसंस्था, समूह, समुदाय र देशकै नयाँ भविष्य निर्माणका लागि सकारात्मक दृष्टिकोण निर्माण गर्छ ।

नेपालमा विभिन्न संघसंस्थाहरूले यस विधिको प्रयोग गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गरेका छन् भने इस्टर्न रिसर्च अफ पोजिटिभ साइन्ससँगको सहकार्यमा विभिन्न महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूको आवधिक योजना, दूर दृष्टि दस्तावेज, क्षमता अभिवृद्धि कार्यक्रमहरू संचालन गरिएका छन् । विभिन्न मन्त्रालयअन्तर्गतका कार्यालयहरू, गैरसरकारी संघसंस्थाहरू, व्यापारिक संघ संगठनहरू, विद्यालयहरू, कलेजहरू, अस्पतालहरू, मेडिकल कलेजहरू आदिले पनि आफ्ना कर्मचारीहरू, पदाधिकारीहरू तथा सदस्यहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरू संचालन गरेका छन् ।

इरिप्सले समग्र समाजको सकारात्मक रूपान्तरणमा सहजीकरण गर्ने उद्देश्यका साथ नियमित रूपमा प्रसंशनीय खोज विधिमा तालिमहरू संचालन गर्दै आएको छ । 'सकारात्मक संचार तथा नेतृत्व विकासका लागि प्रसंशनीय खोज तालिम' पनि त्यसै शृंखलाको एक तालिम हो ।



**सकारात्मक संचार किन जरुरी हुन्छ ?**

संचार भनेको विचार, भावना र जानकारी आदानप्रदान गर्ने प्रक्रिया हो । व्यक्तिगत तथा व्यावसायिक जीवन र नेतृत्वलाई प्रभावकारी र सफल बनाउन संचारको भूमिका महत्त्वपुर्ण हुन्छ । सकारात्मक संचार भन्नाले व्यक्तिहरूबीच हुने संवाद र संचार प्रक्रियामा आशावादी, सामाधानमुखी सोच र सहयोगी दृष्टिकोण निर्माण गर्नुलाई बुझाउँछ । सकारात्मक संचार प्रक्रियामा अत्यन्तै प्रतिकूल अवस्थामा पनि सकारात्मक एवं जीवनदायी ऊर्जाहरूको खोज, सिर्जनात्मक विचार, सम्मानजनक व्यवहारलाई प्राथमिकता दिइन्छ ।

सकारात्मक र स्पष्ट संचारले पारिवारिक, सामाजिक र पेसागत सम्बन्धलाई सुदृढ बनाउँछ भने एकआपसमा विश्वास र आत्मीयता बढाउँछ । सकारात्मक र स्पष्ट संचारले आत्मविश्वास बढाउनुका साथै नयाँ ज्ञान सिक्न र सिकाउन अभिप्रेरित गर्छ ।

यसले असमझदारीहरूलाई हटाएर समस्याहरूको सामाधानका लागि नयाँनयाँ अवसरहरू सिर्जना गराउँछ भने व्यक्तिहरूलाई उत्प्रेरित गरी मानसिक रूपमा बलियो बनाउँछ । सकारात्मक संचार प्रक्रियामा कमजोरी, आलोचना, दोषारोपणको बदलामा सकारात्मक सुझाव, प्रशंसा एवं उत्प्रेरणादायी भाषाको प्रयोग गरिन्छ ।

**सकारात्मक नेतृत्व कस्तो हो ?**

व्यक्ति स्वयं तथा आफ्ना अनुयायीहरू र सदस्यहरूमा सकारात्मक दृष्टिकोण, सृजनशीलता, सहकार्यको भावना र प्रेरणादायी अवस्थाको सेजना गरी सकारात्मक रूपान्तरणका लागि मानसिक तथा भौतिक रूपमा उत्प्रेरित गर्ने क्षमता, सीप र कला नै सकारात्मक नेतृत्व हो ।

यस प्रकारको नेतृत्वले प्रेरणा, सहकार्य, आशावादको माध्यमबाट लक्ष्य प्राप्त गर्न सदस्यहरूको व्यक्तिगत, सामूहिक तथा संस्थागत क्षमताको अधिकतम उपयोग गर्छ । सकारात्मक नेतृत्वले सदस्यहरू, समूह तथा संस्थाको कमजोरी, नकारात्मक र असफलताको बदलामा सबल पक्षहरू, सफलता र सफलताका कारणहरू, क्षमता, भविष्यको चाहना र संभावनाहरूको खोजबिन तथा लेखाजोखा गरेर सदस्यहरूको वा भनौं, नागरिकहरूको मनोबल र आत्मविश्वास बढाउँछ र साझा लक्ष्य प्राप्तिका लागि विपक्षीलगायत सबैलाई एकजुट बनाउँछ ।

**सकारात्मक नेतृत्व किन फरक छ ?**

नेतृत्व भनेको समूह, सदस्यहरू वा अनुयायीहरूलाई लक्ष्यप्राप्तिका लागि मार्गनिर्देशन गर्ने कला हो । सामान्य प्रकारको नेतृत्वले केवल निर्देशन र अधिकारको आधारमा काम गर्छ भने सकारात्मक नेतृत्वले अनुयायीहरू वा सदस्यहरूका क्षमता, सबल पक्षहरू, संभावना र चाहनाहरू पहिचान गरेर सोकै आधारमा उत्प्रेरणा, सहकार्य र समन्वयात्मक तरिकाले काम गर्छ र सकारात्मक परिणामको सुनिश्चित गर्छ ।

**साझा दृष्टिकोण निर्माण** : सामान्य प्रकारका नेतृत्वले आफनो दृष्टिकोणलाई नै समूह वा संस्थाको दृष्टिकोणको रूपमा परिभाषित गर्छन् तथा पद र शक्तिको दुरुपयोग गरेर संस्थाको स्रोत, साधन तथा कर्मचारीहरू, सदस्यहरू सबैलाई आफ्नै दृष्टिकोणअनुसार काम गर्न आदेश दिन्छन् । वा, त्यस्तै वातावरण निर्माण गर्छन् भने सकरात्मक नेतृत्वले संस्थाका सबै कर्मचारीहरू वा समूहका सबै सदस्यहरूको संयुक्त सहभागितामा साझा दृष्टिकोण निर्माण गर्छन् र सो दृष्टिकोणअनुसार काम गर्न सबैलाई उत्प्रेरित गर्छन् र सकारात्मक परिणाम प्राप्तिका लागि अगुवाइ गर्छन् ।

**संचार र संवादको तरिका** : सामान्य प्रकारको नेतृत्वले आदेशात्मक वा निर्देशनात्मक तरिकाले संचार प्रवाह गर्छन् भने सकारात्मक नेतृत्वले हरेक सदस्यको विचार बुझ्ने र सबैको आत्मसम्मानको रक्षा हुनेगरी सकारात्मक तरिकाले उत्प्रेरणा जगाउनेगरी संचार गर्छन् ।

**समस्यासागको व्यवहार** : सामान्य प्रकारको नेतृत्वले सानातिना समस्यामा पनि आफू मातहतका कर्मचारीहरू, सदस्यहरू वा सहयोगीहरूलाई दोष लगाउँछन् र जमेर आलोचना गर्छन्, जसले गर्दा पूरा संस्थाभित्र नै नकारात्मक र दोषारोपणको वातावरण निर्माण हुन्छ ।

सकारात्मक नेतृत्वले समस्याले सिर्जना गरेको अवस्थामा र त्यो अवस्थामा निर्माण हुन सक्ने अवसरहरू र कसको दक्षता र क्षमताको प्रयोग गर्दा ती अवसरहरूको सदुपयोग गरेर समस्या सामाधान गर्दै नयाँ अवसरहरू सिर्जना गर्न सकिन्छ भन्ने खोज गर्छ र सोहीअनुसार सबैसँग सद्भाव पूर्ण व्यवहार गर्दै सहकार्य गरेर एकअर्कालाई प्रशंसा गर्दै सकारात्मक परिणाम निकाल्ने वातावरण निर्माण गर्छ ।

**प्रेरणाको शैली** : सामान्य प्रकारका नेतृत्वले पद र शक्तिको आडमा निर्देशनात्मक शैलीमा सदस्यहरू वा कर्मचारीहरूलाई काम गर्न आदेश दिन्छन् भने सकारात्मक नेतृत्वले कर्मचारीहरू वा सदस्यहरूको क्षमता र दक्षताको पहिचान गर्छन् र उनीहरूको भावनालाई लक्ष्यसँग जोडेर लक्ष्य प्राप्तिका लागि उत्प्रेरित गर्छन् ।

**परिणाममा ध्यान** : सामान्य प्रकारका नेतृत्वले प्रक्रियागत कुराहरू, जस्तै : कानुन, मानवअधिकार, कर्मचारी तथा सदस्यहरूको आत्मसम्मान आदिलाई ध्यान नदिई परिणाम मात्र प्राप्त गर्ने कुरामा ध्यान दिन्छ र सफलताको श्रेय आफैंले मात्र लिन्छ भने सकारात्मक नेतृत्वले कर्मचारीहरू तथा सदस्यहरूको आत्मसम्मान, ऐन, नियम, कानुनलगायत सबै प्रक्रियाहरूलाई समेत ध्यान दिई परिणाम प्राप्ति गर्न उत्प्रेरित गर्छ, सफलताको श्रेय सबैलाई दिन्छ र परिणाम प्राप्तिको यात्रा नै सिकाइ र विकासको अवसर हो भन्ने मान्यता राख्छ ।

**व्यक्तित्व विकास** : सामान्य नेतृत्वले कर्मचारीहरू तथा सदस्यहरूलाई लक्ष्य प्राप्ति गर्ने साधनको रूपमा मात्र हेर्छ भने सेवा र सुविधा पनि आफ्ना नजिकका, आफ्नै पार्टीका, जातका, इष्टमित्र आदि हेरेर निर्णय गर्छ तर सकारात्मक नेतृत्वले कर्मचारीहरू तथा सदस्यहरूको व्यक्तिगत र व्यावसायिक दक्षता तथा क्षमता अभिवृद्धि गर्दै सबैलाई समन्यायिक तरिकाले अवसरहरू वितरण गर्छ र सामाजिक विविधतालाई शक्तिको रूपमा प्रवर्द्धन गर्छ ।

**सकारात्मक संचार र नेतृत्वको आवश्यकता**

नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुसँस्कृतिले भरिपूर्ण, सामाजिक, प्राकृतिक तथा व्यावसायिक विविधताले भरिपूर्ण देशमा सकारात्मक नेतृत्वले सबै तह र तप्काका सबल पक्षहरू, सफल अभ्यासहरू, सिकाइहरू, संभावना र सपनाहरूको खोजविन गरेर सबैलाई मान्य हुने साझा दृष्टिकोण निर्माण गर्न अभिप्रेरित गर्छ ।

हाल नेपालमा चारैतिर नकारात्मक सोच, दोषारोपण, निराशा र अविश्वास व्याप्त छ । एकले अर्काको कमजोरी खोतल्ने र आलोचना तथा दोषारोपण गर्ने राष्ट्रिय संस्कृति नै भएको छ । यस्तो अवस्थामा नकारात्मकतालाई सकारात्मकतामा बदलेर सकारात्मक सँस्कृतिको निर्माण गर्न घर परिवारदेखि सबै प्रकारका संघसंस्थाहरू र सबै तहको नेतृत्वलाई सकारात्मक नेतृत्वको रूपमा विकास गरेर समग्र देशको सकारात्मक रूपान्तरण गर्ने आधार निर्माण गर्न सकिन्छ ।

सकारात्मक नेतृत्वले नेपालको सबै स्थानमा सामाजिक एकता निर्माण गर्न, सहकार्य र विश्वासको वातावरण निर्माण गर्न, युवाहरूलाई उत्प्रेरणा गर्न, आर्थिक विकासलाई गति दिन र दिगो विकासलाई सुनिश्चित गर्न चामत्कारिक भूमिका खेल्छ । नेपालमा निम्न कारणले गर्दा सकारात्मक संचार र नेतृत्व अतिआवश्यक छ ।

**सहकार्य र सहअस्तित्वको विकास** : नेपाल जस्तो विविधतायुक्त देशमा सहकार्य र सहअस्तित्वको प्रवद्धन अतिआवश्यक छ । सकारात्मक संचार र नेतृत्वले विभिन्न जात, धर्म र क्षेत्रका मानिसहरूका सकारात्मक कुराहरू उजागर गरेर सबैलाई एक ठाउँमा ल्याएर साझा दृष्टिकोण निर्माण गर्न, सामूहिक लक्ष्य निर्माण र प्राप्त गर्न अभिप्रेरित गर्छ ।

**समस्या सामाधान र नयाा अवसरहरू सिर्जना गर्न**: नकारात्मक र आलोचनात्मक संचार शैलीले विवाद र विभाजन ल्याउँछ भने सकारात्मक संचार र नेतृत्वले सामाधानमुखी सोच ल्याएर समस्या सामाधानका लागि प्रभावकारी उपायहरू खोज्न अभिप्रेरित गर्छ । यस प्रक्रियाले शान्ति निर्माण, सहकार्य र सद्भाव अभिवृद्धिमा विशेष योगदान दिन्छ ।

**आर्थिक विकासका लागि उत्प्रेरणा** : सकारात्मक संचार र नेतृत्वले उद्यमशीलता, नवप्रवर्तन, र सहकार्यको वातावरण सिर्जना गरेर आर्थिक विकासलाई गति दिन्छ । यसले संस्थाका कर्मचारीहरू र समूहका सदस्यहरूबीच सद्भाव र सहकार्य अभिवृद्धि गरी सिर्जनशीलता, उत्पादनशीलता र प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्छ ।

**राजनीतिक स्थायित्व र विश्वास निर्माण** : नेपालको राजनीतिमा व्याप्त नकारात्मकताको प्रभाव घरघर र व्यक्तिव्यक्तिमा परेको छ भने सकारात्मक संचारको अभावले नागरिकहरू र नेताहरूबीच दुरी बढाएको यथार्थ हाम्रो सामु छ ।

सकारात्मक संचार र नेतृत्वले सकारात्मक कुराहरू, विगतका सफलताहरू र भविष्यका अवसरहरू खोजेर सकारात्मक सवालहरू प्रस्तुत गर्छ र सकारात्मक तथा विश्वासको वातावरण निर्माण गरी नेतृत्वलाई जबाफदेही र जिम्मेवार बनाउँछ भने नागरिकहरूलाई सशक्त बनाउँछ ।

**सामाजिक एकता, मेलमिलाप र युवा सशक्तीकरण:** सकारात्मक संचार र नेतृत्वले सबै प्रकारका गलतफहमीहरूलाई हटाई आपसी विश्वास र एकता निर्माण गर्न मद्धत गर्छ । यसले सामाजिक सम्वन्ध सुधार गर्न, मेलमिलाप ल्याउन र विवाद कम गर्न प्रभावकारी भूमिका खेल्नुका साथै युवाहरूलाई उत्प्रेरित गरी सही मार्गनिर्देशन प्रदान गरेर आत्मविश्वास वढाउन र सिर्जनशील हुन उत्प्रेरित गर्छ ।

## इतिहासमा आज

१६ डिसेम्बर १९७१ मा पाकिस्तान-भारत युद्धमा भारतको जित भएको थियो । त्यसबेला ९३ हजार पाकिस्तानी सेनाले आत्मसमर्पण गरेका थिए । यसपछि पूर्वी पाकिस्तान (हाल : बंगलादेश) स्वतन्त्र भएको थियो ।



१६ डिसेम्बर १६३१ मा इटालीको पवसुवियस पर्वतमा ज्वालामुखीका कारण ६ वटा गाउँ ध्वस्त भएका थिए भने ४ हजार मानिसको मृत्यु भएको थियो ।



१६ डिसेम्बर १९४५ मा २ पटक जापानका प्रधानमन्त्री बनेका फुमिमारो कनोएले युद्ध अपराधको सामना गर्नुपरेका कारण आत्महत्या गरेका थिए ।




१६ डिसेम्बर अमेरिकाको न्युयोर्क शहरमा २ वटा विमान ठोकिँदा १३६ जनाको मृत्यु भएको थियो ।



# अन्तर्विरोधभित्र कम्युनिस्ट आन्दोलन

विचार



● लेखराज रेग्मी

नेपाल कम्युनिस्ट पार्टीको गठनकालदेखि नै सामन्तवादसँग किसान, मजदुर वर्गको अन्तर्विरोध अर्थात् राजतन्त्रसँग नेपाली जनताको अन्तर्विरोधलाई प्रधान मानियो । २००७ सालको क्रान्ति, भारतीय हस्तक्षेपको कारण राष्ट्र र राष्ट्रिय हितमा परेको प्रतिकूल प्रभाव र त्यसपछि जनताको विरोध दबाउन भारतीय सेनाको परिचालन जस्ता घटनाहरूले हाम्रो चेतनामा बाह्य शक्तिप्रतिको बुझाइ बेग्लै बनाइदियो ।

सँगै, भारतीय विस्तारवाद र उसको पक्षधर देशीय राजनीतिक शक्ति र प्रवृत्तिविरुद्ध राजासँग मिल्नुपर्ने मान्यताको विकास भयो । नेपाली कम्युनिस्ट आन्दोलनमा देखापरेको विवाद, प्रधान अन्तर्विरोधसम्बन्धी अस्पष्टताको कारक रहेको र यसको तदर्थवादी निकासको रूपमा चौथो महाधिवेशनले दुवैसँगको अन्तर्विरोध समान र एकीकृत ढंगले प्रधान अन्तर्विरोध रहेको निष्कर्ष निकालेको थियो ।

केशरजंग रायमाझीको राजावादी तथा खुस्चोभपन्थी लाइनलाई यसले कमजोर बनाए पनि २ फरक अन्तर्विरोधलाई समानान्तर र वैकल्पिक प्रधान अन्तर्विरोध बनाउने र आन्दोलनलाई यता न उताको बनाइरहने प्रवृत्तिलाई पूर्ण रूपले चिर्न सकिएको थिएन ।

तात्कालिक मालेलगायत केही समूहहरू लामा विशेषणहरूसहितको घरेलु प्रतिक्रियावादको भ्रामक परिभाषामा अल्झिए । तर, प्रधान अन्तर्विरोध सम्बन्धमा सबै समूहहरू चौथो महाधिवेशनविरुद्ध उभिए । चौथो केन्द्रीय समितिको विघटनसँगै चौथो महाधिवेशनमा विभाजन आयो । त्यसको एउटा घटक निर्मल लामाको नेतृत्वमा चौथो महाधिवेशन समूहको रूपमा अस्तित्वमा आयो ।

यसले औपचारिक रूपमा आधारभूत अन्तर्विरोधहरूको निर्क्योल गऱ्यो र सामन्तवादसँगको अन्तर्विरोधलाई प्रधान अन्तर्विरोध रूपमा सु-स्पष्ट किटानी गऱ्यो । यसरी प्रधान अन्तर्विरोधको अन्योलको अन्त्य भयो ।

यो ऐतिहासिक तथ्य नेकपा (एकता केन्द्र)को स्थापनासँगै स्थापित भयो । तर, २०६२/०६३ को जनआन्दोलन र खासगरी नयाँ संविधान घोषणासँगै नेपाली जनआन्दोलन र राजनीतिक आन्दोलनमा पुनः प्रधान अन्तर्विरोधबारे डरलाग्दो भ्रम अन्योल र अकर्मण्यता देखापरिरहेको छ ।

यस्तो स्थितिमा समाजवाद र साम्यवादका पक्षधरहरूमा जुन प्रकारको गत्यावरोध विभाजन र किंकर्तव्य बिमूढता देखापरिरहेको छ, यसले प्रधान अन्तर्विरोधको किटानीबिना समाधान हुन सक्दैन ।

वैश्विक अन्तर्विरोधहरूमा आज पनि पुँजी र श्रमबीचको अन्तर्विरोध सार्वभौम आधारभूत सार्वत्रिक अन्तर्विरोध हो । तर, वैश्विक पुँजी बजारमा वित्तीय पुँजीले मुख्य स्थान ओगटेको छ । सिन्डिकेट जस्तै एउटा नयाँ संस्थागत उपकरण अगाडि आएको छ, कन्सल्टेन्सी, जसले वित्तीय पुँजीलाई मुद्रा प्रणाली र बैंकहरू जस्तै सहयोग गर्छ ।

श्रममा विकास भएको ठेक्का प्रणाली र श्रम तथा रोजगार एजेन्सीहरूले ट्रेड युनियनहरूलाई मोलतोल र संघर्षको औजार रहन दिएनन् । यी सबै कारणहरूले पुँजी र श्रमको सम्बन्धको स्वरूपमा फेरबदल भएको छ र आन्दोलनमा एक प्रकारको भ्रम देखिएको छ ।

यससँगै कृषि र उद्योगमा देखिने यान्त्रीकरणमा आएको स्वचालित र डिजिटल प्रविधिले पनि उत्पादनमा श्रम सम्बन्धको स्थिति केही बदलिएको छ र अदक्ष श्रमिकहरूको रोजगारी घटेको मात्र छैन, बेरोजगारहरूको वृद्धि गुणात्मक छ । यसले आर्थिक विकास नभइरहेका देशहरूलाई परनिर्भर र आयातमुखी मात्र बनाएको छैन, उनीहरूका सार्वभौम सम्प्रभुतामा चुनौती थपिएको छ ।

पुँजीको बहुराष्ट्रिय स्वरूपले आन्तरिक अर्थतन्त्रको विकासमा अवरोध मात्र होइन, पुँजीपति वर्गको राष्ट्रिय चरित्र पनि विघटन गरिरहेको छ । साम्राज्यवादी देशहरू र उत्पीडित देश राष्ट्र र राष्ट्रियताबीचको अन्तर्विरोध विगतझैं स्पष्ट र सपाट ढंगले पर्गेल्न नसकिनेगरी जटिल बन्ने गरेको छ ।

नवउदारवाद अर्थ व्यवस्था र राज्य व्यवस्थामा यसरी गुजुल्टिएको छ कि राष्ट्रिय मुक्ति आन्दोलनको स्वरूप र संश्रयबारे विगतका संश्लेषणहरू अपुष्ट लाग्न थालेका छन् ।

पछिल्ला दिनमा विकास भइरहेको अन्तरसाम्राज्यवादी वैश्विक अन्तर्विरोध पनि नयाँ विकसित स्थितिको आधारमा पुनर्विचार गर्नुपर्ने स्थिति छ । यसले साम्राज्यवाद र उत्पीडित देशहरूको अन्तर्विरोधबारे पनि सोच्नुपर्ने स्थिति तय गरिदिएको छ ।

यतिबेला शास्त्रीय मार्क्सवादले विगतमा निर्क्योल गरिसकेका सार्वभौम तथा आधारभूत अन्तर्विरोधमा पुनः स्पष्टताको आवश्यकतालाई देखाइरहेको छ । यस कारण समाजवादी शिविर र साम्राज्यवादबीचको अन्तर्विरोधलाई बदलिएको परिस्थितिको आधारमा पहिचान गर्नुपर्ने भएको छ । यतिबेला सतहमा देखिएको वैश्विक ध्रुवीकरण र २ ध्रुवीय शक्ति सन्तुलनबारे पनि पुनर्मूल्यांकन गरिनु आवश्यक छ ।

*(रेग्मी, वामपन्थी नेता हुन् ।)*

## सामाजिक सञ्जाल



**राधाकृष्ण कटुवाल**

महँगो ब्याजमा पैसा उठाएर महँगो ब्याजमै कर्जा लगाएका बैंकहरू यतिबेला साँवा-ब्याज नउठ्दा तनावमा । करिब १२३ अर्ब कर्जा जोखिममा । बैंकले घर, जग्गा र अटोमा लगाएको कर्जा जोखिममा पर्दै गएको छ । बैंकले कर्जा दिने भएपछि 'नक्कली आय स्रोतका डकुमेन्ट' बनाई महँगा गाडी चढ्नेहरू धेरै पर्छन् रे !




**नवराज पन्त**

महँगो भए तापनि अहिले नेपालको विद्युत् उत्पादन क्षमता करिब ४ हजार मेगावाट पुगेको छ । तुलनात्मक रूपमा यसले करिब १० करोड टन प्रदूषित कोइला उपभोग न्यूनीकरण गरेको छ र करिब २७ करोड टन कार्बनडाइअक्साइड प्रदूषण न्यूनीकरण भएको छ । तर, 'स्याब्बास !' कसैले भन्दैन । यसले नेपालीको जनजीवन अत्यधिक महँगो भएको छ ।



**सूर्यराज आचार्य**

समाजको सबैभन्दा बौद्धिक जनशक्तिलाई शिक्षण/प्राध्यापन पेसामा आकर्षित गर्न नसक्ने देशले विकास/समृद्धिको लक्ष्यमा सफलता पाउन सक्दैन । धेरै विकासशील देशमा शिक्षण/प्राध्यापन रोजाइको उत्तम पेसामा पर्दैन । दोयम क्षमताका शिक्षक/प्राध्यापक भएको देशमा राज्यले जति नै लगानी गरे पनि काम गर्दैन ।



**चन्द्र भण्डारी**

पद, प्रतिष्ठा, मान, सम्मान सब मलाई चाहियो तर त्यही पदलाई चाहिने योग्यता, क्षमता, दक्षता, केही नचाहिने ? पद पाएपछि पदको गरिमा कायम गर्न नपर्ने ? अधिकार सबै चाहिने कर्तव्य बिर्से हुने ? 'म' राम्रो 'म' याद रहने तर मेरो देश समाज संस्कृति बिर्से हुने ?

# 'हाम्रा लागि सरकार मरिसक्यो'

**काठमाडौं/मस-** सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघले सरकार सहकारी ठगलाई जोगाउन लागिपरेको आरोप लगाएको छ । आइतबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा महासंघले सरकार ठगलाई जोगाउन लागिपरेको आरोप लगाएको हो ।




गत मंसिर ५ गते सहकारी पीडितमाथि प्रहरीले गरेको ज्यादतीप्रति महासंघले आपत्ति जनाएको छ । अभियानका अध्यक्ष कुशलभ केसीले सहकारी पीडितहरूको बचत फिर्ताको माग गर्दै सुरु गरेको आन्दोलनलाई सरकारले दबाउन खोजेको आरोप लगाए । उनले सहकारी पीडितका समस्या सरकारले सुन्नै नचाहेको आरोपसमेत लगाएका छन्। न्याय माग गर्दै गरेको शान्तिपूर्ण आन्दोलनलाई सरकारले प्रहरी प्रशासन लगाएर धरपकड गर्न खोजेको उनको आरोप थियो । आन्दोलनकै क्रममा आफूमाथि प्रहरीका अधिकृतले गरेको अमानवीय व्यवहारले लोकतन्त्रको उपहास गरेको उनले बताए ।

सहकारी पीडितको लागि गरेको आन्दोलनकै क्रममा उनी लगायत थुप्रै घाइते भएका छन् । पत्रकार सम्मेलनमा अन्य पीडितहरूले पनि आफ्नो दुख पोखेका थिए । न्याय माग्न अदालतदेखि मानवअधिकार आयोगसम्म पुगेको तर कतैबाट पनि न्याय नपाएको उनीहरूको दुखेको थियो ।

वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठ, मानव अधिकारकर्मी दिनेश त्रिपाठी, बालकृष्ण न्यौपाने, रविन बस्नेत, अधिवक्ता हरि कटेललगायतले पीडितको आन्दोलनमा आफ्नो ऐक्यबद्धता जनाएका थिए । उनीहरूले सहकारी पीडित नै अझ सशक्त भएर अगाडी बढ्नुपर्ने बताएका छन् । देशमा ७४ लाख हाराहारीमा सहकारी पीडित छन् ति मध्ये ७४ हजार मात्र पनि सडकमा आउने हो भने सरकार पीडितको कुरा सुन्न बाध्य हुने उनीहरूको सुझाव थियो ।

मानव अधिकारकर्मी त्रिपाठीले सरकारले ठगलाई जोगाउन गरेको हदैसम्मको प्रयासलाई सहकारी पीडितले असफल बनाउनुपर्ने धारणा राखेका छन् । शान्तिपूर्ण तरिकाले गरेको आन्दोलनलाई राज्य पक्षबाट दबाउन खोजिनु, व्यक्तिको जिउ धनमा क्षति हुनु अन्याय मात्र नभई मानव अधिकारबिरोधी गतिविधि भएको उनले स्पष्ट पारे । उनले यस्ता गतिविधि राज्यले व्यक्तिमाथि गरेको अपराध भएको बताए ।

अधिवक्ता कटेलले रास्वपाका नेता रवि लामिछानेप्रति लक्षित गर्दै हिरासतमा भएको व्यक्तिको अधिकार उल्लंघन देख्ने अभियन्ता, मानव अधिकार आयोग, मानव अधिकारकर्मीले सहकारी पीडितमाथि भएको ज्यादती नदेख्नु दुख लाग्दो कुरा भएको बताएका छन् । उनले मानव अधिकार आयोगले सहकारी पीडितको अधिकारको निम्ति आवाज नउठाएको आरोपसमेत लगाए ।

सरकार र सहकारी पीडितबीच पटक-पटक सहमति भएको छ । तर कार्यन्वयन नभएपछी पीडितहरू पुनः आन्दोलनको तयारीमा छन् । सरकारले सहकारीको समयमै नियमन नगरिदिएकोले बचतकर्ताको रकम डुबेको पीडितहरूको आरोप छ ।

# धान र पराल सडकमै राख्दा दुर्घटनाको जोखिम

**ओम प्रकाश यादव/मध्यान्ह**
रौतहट, ३० मंसिर

रौतहटमा यतिखेर किसानहरुलाई धान भित्र्याउने चटारो छ। तर जिल्लाका अधिकांश किसानले मुख्य सडकमै धानको भारी र पराल थुपारेर राखेका कारण दुर्घटनाको जोखिम बढेको पाइएको छ । जिल्लाको ग्रामीण भेगदेखि लिएर शहरी क्षेत्रको समेत सडकमा नै किसानहरुले धान र पराल राख्ने गरेका कारण सवारी दुर्घटनाको जोखिम बढेको हो ।



किसानले सडकमै पराल र धानको भारी थुपारेर राख्दा जतिबेला पनि दुर्घटना भइ ठूलो मानवीय क्षति हुनसक्ने अवस्था रहेको देवाहि गोनाही नगरपालिका ५ का राम सेवक रायले बताए ।

खासगरी ग्रामीण भेगका सडकहरुको दुवै साईडमा सडक च्यापेर किसानहरूले पराल र धान राखेका छन् । त्यति मात्र नभइ किसानहरुले धान थ्रेसर समेत बाटोमै लगाइदिने गरेका छन् । बाटोमै धान र पराल थुपार्ने गरेका कारण सवारी साधनमा हिँड्डुल गर्न समस्या हुने गरेको यादवले दुखेसो गरे ।

मान्छे र सवारी हिँडने सडकमा धान थ्रेसर लगाउने गरेको कारण बाटो हिँड्नेको आँखामा धुँलो परेर हिँड्न समेत समस्या हुने गरेको स्थानीयहरुको भनाइ छ ।

जिल्लाको देवाही गोनाहि, गढिमाई, वृन्दावन लगायत पालिकाको विभिन्न ठाउँको अति व्यस्त हुने सडकमा नै किसानले धानबाली राख्ने गरेका कारण सर्वसाधारणलाई सो बाटो भएर आवत-जावत गर्न निकै समस्या भइरहेको देखिएको छ । बाटोमै धान र पराल थुपार्ने तथा थ्रेसर लगाउने गरेका कारण दुर्घटनाको जोखिम बढेको भए पनि सम्बन्धित निकायले यस समस्याप्रति कुनै ध्यान नदिएको स्थानीयको गुनासो छ ।

## Dilasaini Rural Municipality
## Office of Rural Municipal Executive

**Dilasaini, Baitadi**
**Sudurpakshim Province, Nepal**

## Invitation For Bids

**Date of Publication:2081/09/01 (12/16/2024)**

1. Dilasaini Rural Municipality, Office of the Rural Municipal Executive, Baitadi invites e-bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount Without VAT, PS, contingency. (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DRM/BTD/ WORKS/ NCB/03-2081/082 | Procurement for Construction of Dilasaini Gaunpalika khanepani Aayojana ward no-3,6,7 (Dhamigaun-Ratankanda-Simpani-Saungaun-Binnigad-Thalalgaun-Baggotha) | 90 days | 1,27,96,986.91 | 3,90,000.00 | 3000.00 |

Further Information to bidders;

| | |
|---|---|
| Last date and time of Bid Submission | 2081/10/02 (15-Jan-2025) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2081/10/02 (15-Jan-2025); at 1:00 PM, at Dilasaini Rural Municipality Office, Baitadi |
| Account No. for Bid Document Purchase | Kumari Bank Limited, Dilasaini, ANTARIK RAJASHWA KHATA<br>Dilasaini Rural Municipality- 0880034242400008 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank: Kumari Bank Limited, Dilasaini, Baitadi<br>Name of Office: Dilasaini Rural Municipality<br>Office Account No. : 0880034242400005 (Dharauti Khata) |

2. Bidders shall submit their bids electronically only .
3. If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4. For more information, please contact Dilasaini Rural Municipality, Baitadi.

**Chief Administrative Officer**


**Qatar मा रोजगार** New Image Building Services Gulf States LLC
पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/०६/०४ चलानी नं. : ६०२२५६२० LT No.: 311140

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Cleaning Worker | 1 | 0 | काममा दक्ष | 1000 | ३७,२००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Labour Services | 2 | 0 | | 1000 | ३७,२००/- | | | | | | | |

Aaiwa Contracting and Services Wll पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/०१/३० चलानी नं. : ६०२१९४६८ LT No.: 304622

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant | 0 | 8 | काममा दक्ष | 1000 | ३७,२००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | General Clean Worker | 0 | 20 | | 1000 | ३७,२००/- | | | | | | | |

Gulf Warehousing Company पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८०/११/१७ चलानी नं. : ६०२१५६८९ LT No.: 300789

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 74 | 0 | काममा दक्ष | 1750 | ६५,०००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Labour | 16 | 0 | | 1000 | ३७,२००/- | | | | | | | |
| ३. | Storekeeper | 46 | 0 | | 1900 | ७०,६००/- | | | | | | | |

Manforce Trading & Contracting Co WLL पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८०/०२/११ चलानी नं. : ६०२०२०२१ LT No.: 286605

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Worker | 31 | 0 | कामामा दक्ष | 1000 | ३७,२००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Carpenter | 18 | 0 | | 1100 | ४०,९००/- | | | | | | | |
| ३. | Driver | 10 | 0 | | 1900 | ७०,६००/- | | | | | | | |
| ४. | Electrician | 34 | 0 | | 1100 | ४०,९००/- | | | | | | | |
| ५. | Labour | 7 | 0 | | 1000 | ३७,२००/- | | | | | | | |
| ६. | Mason | 13 | 0 | | 1100 | ४०,९००/- | | | | | | | |
| ७. | Painter | 49 | 0 | | 1100 | ४०,९००/- | | | | | | | |
| ८. | Technician | 23 | 0 | | 1100 | ४०,९००/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | रु. ७,००/- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०८१ पौष ८ गते (23 Dec.,2024) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ ।

diana overseas डायना ओभरसिज प्रा. लि. श्रम ईजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोनः ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

**ओमनमा रोजगार** कम्पनी : Abdul Aziz AlAlawi Integrated Enterprises शहरः Oman
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ चलानी नं.: ६०२२९६८९ LT. No.: 315432

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. कामामा दक्ष | 140 | ४९,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ८ गते (23 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.M.T. Overseas Pvt. Ltd. Govt. Lic. No. 1429/074/075
Sinamangal 9 Kathmandu, Nepal Tel.: 01-4111301 Mobile: 9842036587, 9869317171, 9847497631
9763228777, 9803515104, 9862504026, 9827685565, 9807322773, 9847497631, 9815604031

**साउदीमा रोजगार** कम्पनीः KALPATARU PROJECTS INTERNATIONAL LIMITED शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०५/२८ चलानी नं.: ६०२२५३६३ LT. No.:310781 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labors | 44 | 0 | सम्बन्धित कामामा दक्ष | 1000 | ३६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Excavator Operator | 3 | 0 | | 2000 | ७२,०४० | | | | | | | |

प्रि अन्तर्वार्ता जनकपुरमा २०८१ असोज ५ गते (20 September 2024) मा हुनेछ ।
प्रि अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ६ गते (21 September 2024) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ८ गते (23 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

H.R. International Employment Services Pvt. Ltd. Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965/9808018084.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

**साउदीमा रोजगार** कम्पनीः AL BANDARI KHATAM SUNAITAN AL-OTAIBI CONTRACTING EST शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ चलानी नं.:६०२२९६९१ L.T. No.:315407

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | स. कामामा दक्ष | 1400 | ५०,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ८ गते (23 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Ishan International Overseas Pvt. Ltd. श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४
Head Office: Sinamangal-09, Kathmandu, BAGMATI, Tel: +01-4796201
Branch Office: Atithi Sadan Road, Birtamode, Jhapa, Tel: +23-590306, 590307
Email: isonepalos@gmail.com, URL: www.ishanint.com

**साउदीमा रोजगार** कम्पनी :Motive International Contracting Company is a One persom Company शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ चलानी नं.: ६०२२९६८७ LT.NO.: 314707

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Drivers(G.R.) | 1 | 0 | स. कामामा दक्ष | 1500 | ५४,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ८ गते (23 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि. श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा-१०,सामाखुशी, काठमाडौं, नेपाल, फोनः ४९५८७८६, ४९८५३७३

**UAE मा रोजगार** कम्पनी : HIAP SENG ENGINEERING LIMITED FZC शहरः UAE
पूर्व स्वीकृत मितिः२०८०/१०/१५ चलानी नं.: ६०२१३९४९ LT no. 298993 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fitter | 13 | 0 | सम्बन्धित कामामा दक्ष | 1200 | ४४,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 5 | 0 | | 1200 | ४४,२३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष ८ गते (23 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

मित्र ओभरसिज सर्भिस प्रा. लि. श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोनः ०१-४११०६९८
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालयःईटहरी सम्पर्क नः ०२५-५८०६८९

**साउदीमा रोजगार** कम्पनीः Al Rajbani Contracting Company Limited शहरःRIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ चलानी नं.: ६०२२९६३४ LT. No.: 315338

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Drivers | 3 | 0 | सम्बन्धित कामामा दक्ष | 1800 | ६४,८३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Driver | 10 | 0 | | 2500 | ९०,०५० | | | | | | | |
| 3. | Heavy Truck Drivers | 29 | 0 | | 1800 | ६४,८३६ | | | | | | | |

कम्पनीः BARRAK NASSER MASOUD ALDOSSARI FOR GENERAL CONTRACTING शहरःSaudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०८/१७ चलानी नं.: ६०२२९०९५ LT. No.: 314786

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 10 | 0 | सम्बन्धित कामामा दक्ष | 2500 | ९०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | HEAVY TRUCK DRIVER | 20 | 0 | | 1800 | ६४,८३६ | | | | | | | |
| 3. | Road Maintenance Labor | 10 | 0 | | 1000 | ३६,०२० | | | | | | | |

अन्तर्वार्ता लण्डन होटल इटहरी सुनसरीमा २०८१ पुष ५ गते (20 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD. Gov. Lic No. 190/057/058
Kupondole-10, Kandev Temple, Lalitpur Phone No: +977-15920668, 15920568
Mob: 9824327595, 9807089760.9842295057, Email: nasserplacement2000@gmail.com

**साउदीमा रोजगार** कम्पनी : ALFAOW GROUP FOR PLASTIC शहर : DAMMAM पुनः विज्ञापन
पुर्व स्वीकृत मितिः २०८१/०५/२८ चलानी नं.:६०२२५५७५ L.T. No.: 310829

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scrap Metal Recycle Worker | 2 | 0 | स. कामामा दक्ष | 1200 | ४३,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ८ गते (23 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि. श्रम इजाजत पत्र नं. १८३।०५७।०५८
पो. ब.न. १४१५०, महाराजगञ्ज (इन्द्रेणी फुडल्याण्ड पछाडी), काठमाडौं, नेपाल
फोनः ४७२१३९४, ४७२१३९५, मो.: ९८४१७६६२४२, ९८१३५९५४४६,

# नेसनल बक्स अफिस टेलिफिल्म अवार्ड सम्पन्न

**काठमाडौं/मस–** बक्स अफिस इन्टर नेसनल ग्रुपको आयोजनामा नेसनल बक्स अफिस टेलिफिल्म वेबसिरिज अवार्ड, २०८१ संस्करण तथा ओपन च्यालेन्ज टेलिफिल्म फुटबल कप सम्पन्न भएको छ।

२८ गते शुक्रबार बिहानदेखि २९ गते साँझ अबेरसम्म इलाइट फुटसल कपन काठमाडौंमा सम्पन्न भएको टेलिफिल्म फुटबल कपको उपाधि ३४ वटा फुटबल टिमलाई पन्छाउँदै नवदुर्गा फुटबल टिमले जितेको छ। झण्डै २ दर्जन टेलिफिल्मलाई उछिन्दै हास्यतर्फ 'हर्के हल्दार', सामाजिकतर्फ 'जुठे' सर्वोत्कृष्ट टेलिफिल्म बन्न सफल भएका छन्।

त्यसैगरी बजारमा देखिएका सयभन्दा धेरै वेबसिरिजलाई उछिन्दै 'सौतेनी आमा' यो वर्षको सर्वोत्कृष्टताको रोजाइमा परेको छ।

बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मीठाराम अधिकारीको प्रमुख आतिथ्य, बरिष्ठ कलाकार, पत्रकार, निर्माता, निर्देशक, खेलाडी र समाजसेवीहरूको उपस्थितिमा विभिन्न सांस्कृतिक कार्यक्रमसहित नेसनल बक्स अफिस टेलिफिल्म अवार्ड सम्पन्न भएको थियो।



उत्कृष्ट मेकअप निर्मला आचार्य (हल्का रमाइलो), उत्कृष्ट संगीत हिमाल श्रेष्ठ (मीरा), उत्कृष्ट छायांकन घनश्याम पोखरेल (हल्का रमाइलो), उत्कृष्ट सम्पादन रविन भट्ट (जुठे/हल्का रमाइलो), उत्कृष्ट नवनायक नेत्रविक्रम खड्का (मेरी बास्सै), उत्कृष्ट नवनायिका रविना श्रेष्ठ (भद्रगोल), उत्कृष्ट खलनायक विनोद सुवेदी (क्षितिज/मेरी बास्सै), उत्कृष्ट कथा-पटकथा-संवाद नेत्र राउत (मेरी बास्सै), उत्कृष्ट वेबसिरिज चरित्र अभिनेता पवन खतिवडा (त्याग) छन्।

यसरी नै उत्कृष्ट वेबसिरिज अभिनेत्री नविना सिलवाल (खुइली) (फूलमाया), उत्कृष्ट वेबसिरिज अभिनेता विनोद श्रेष्ठ (मीरा), उत्कृष्ट टेलिचलचित्र अभिनेत्री यसु भट्टराई (भद्रगोल), उत्कृष्ट टेलिचलचित्र चरित्र अभिनेत्री पल्पसा डंगोल (मेरी बास्सै), उत्कृष्ट टेलिचलचित्र चरित्र अभिनेता रामचन्द्र अधिकारी (गोक्ते काजी) (मेरी बास्सै), उत्कृष्ट वेबसिरिज चरित्र अभिनेत्री शारदा गिरी (भुन्टी), उत्कृष्ट टेलिचलचित्र अभिनेता राजु पौडेल (मास्टर) (सकस) छन्।

यस्तै, उत्कृष्ट नवनिर्देशक द्रोणप्रसाद पौडेल (ठेउके) (भद्रगोल), सर्वोत्कृष्ट प्रसारण संस्था ओम अग्रवाल (ओ.एस.आर. डिजिटल), उत्कृष्ट टेलिचलचित्र सामाजिक (जुठे), उत्कृष्ट वेबसिरिज (सौतेनी आमा), उत्कृष्ट हास्य टेलिचलचित्र (हल्का रमाइलो) घोषित भए। त्यसैगरी इन्करेजमेन्ट सम्मानतर्फ अरुणा पछाई (माने दाइ), सुरज खनाल (ख्यालठट्टा), सरोज शर्मा (बैना), रमेश अधिकारी (बुहारी), सुनिता भट्टराई (बैना), सर्वकालीन टेलिफिल्म अवार्डतर्फ सर्वकालीन टेलिचलचित्र अभिनेत्री विद्या कार्की, सर्वकालीन टेलिचलचित्र अभिनेता शूरवीर पण्डित, सर्वकालीन टेलिफिल्म मार्केटिङ संस्था (मिडिया हब प्रा. लि.), सर्वकालीन टेलिचलचित्र प्रसारण संस्था (नेपाल टेलिभिजन) घोषित भए।

यस्तै, ओपन च्यालेन्ज टेलिफिल्म फुटबल कप, २०८१ तर्फ फियर प्ले अवार्ड मिला रेकर्डिङ स्टुडियो, फुटबल लभर अवार्ड बूढानीलकण्ठ एफसी, फुटबल इनकरेजमेन्ट अवार्ड टेटे एफसी, फुटबल हर्ट अवार्ड हट मिलन राई एफसी, फुटसल हर्ट अवार्ड रोयल नेपाल एफसीले पाए।

यसरी नै सर्वोत्कृष्ट किपर अवार्ड दीपेश श्रेष्ठ, हिमालयन एफसी बने भने सर्वोत्कृष्ट खेलाडीको अवार्ड अंकित पौडेल, नवदुर्गा एफसीले पाए। विजेता नवदुर्गा एफसीले नगद ७० हजार, ट्रफी, गोल्ड मेडलका साथ प्रमाणपत्र प्राप्त गर्दा उपविजेता हिमालय एफसीले नगद ३५ हजार, ट्रफी, सिल्भर मेडल तथा प्रमाणपत्र प्राप्त गरेको अवार्डका अध्यक्ष आरके सुवेदीले जानकारी दिए।

# पोखरामा 'अर्हत्'माथि चर्चा

**पोखरा/मस–** उपन्यासकार शैलेन्द्र अधिकारीको उपन्यास 'अर्हत्'माथि शनिबार पोखरामा चर्चा गरिएको छ। र्‍यान्डम रिडर्स सोसाइटीले आफ्नो नियमित कार्यक्रमको १११औं शृंखलामा 'अर्हत्'माथि परिचर्चा गरेको हो।

सोसाइटीका अध्यक्ष रूपीन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार दीपक सापकोटाले यो उपन्यास बुद्धको जीवनको गोरेटो पछ्याएर लेखिएको बताए। बुद्धलाई भगवान् भन्न सजिलो भएको तर उनलाई हामीले साँच्चै अँगालेका छौं? चिनेका छौं? भन्ने टड्कारो प्रश्न सबैलाई किताबले छाडेको उनको भनाइ थियो।

बुद्ध र बुद्धहरूको कथाका रूपमा कृति आएको भन्दै सापकोटाले प्रत्येक पृष्ठमा अनोमा नदीझैं प्रेमपूर्वक बुद्ध बगिरहेका धारणा राखे। उनले भने, 'अधिकारीको उपन्यास अर्हत्ले बुद्धको जीवनीलाई प्राञ्जल भाषामा आख्यानीकृत गरेको छ, जसले अढाइ हजार वर्षअघिको समाज र समयसँग साक्षात्कार गराउँछ।'

उपन्यासले सिद्धार्थ गौतम कसरी 'गौतम बुद्ध' बने भन्ने कथा भनेको स्पष्ट पार्दै साहित्यकारसमेत रहेका सापकोटाले बुद्ध, तत्कालीन समय, बुद्धगाथा, धर्मोपदेश, सामाजिक र राजनीतिक अवस्था, जीवन, कपिलवस्तु राज्यको उत्थान र पतन नै 'अर्हत्'को विषय भएको बताए।




बुद्धले आफैं गृहत्याग गरेका हुन् वा राजनीतिक कारणले घर छाड्नुपरेको हो भन्ने कुरालाई किताबले विमर्शको बाटो छाडिदिएको उनको भनाइ थियो।

उपन्यासकार अधिकारीले आफूले बुद्ध दर्शन अध्ययनका क्रममा गुरुग्रन्थहरूबाट प्राप्त ज्ञानलाई उपन्यासमा समेटेको भनाइ राखे। पाठकले उठाएका प्रश्नको जबाफ दिँदै अधिकारीले आफूले दर्शनको वकालत नगरी बुद्धको वास्तविक जीवनी पाठकमैत्री आख्यानका रूपमा प्रस्तुत गरेको स्पष्टीकरण दिए।

ऐतिहासिक विषयवस्तुका रूपमा बुद्धको जीवनका अनेकौं पाटालाई उपन्यासमा प्रस्तुत गरेको उनको दाबी थियो। पाली भाषा निकट भएर लेखिएका सन्दर्भ र करिब २५ सय वर्ष पहिलेको कथा उपन्यासमा भएकाले केही हदसम्म भाषा क्लिष्ट भएको हुन सक्ने उनको स्वीकारोक्ति थियो।

साहित्यकार सरुभक्तले बुद्ध नेपालमा जन्मिएको भन्न पाउनु गौरवको कुरा भए पनि 'बुद्ध वाज बोर्न इन नेपाल' मात्र भनेर नपुग्ने बताए। बुद्धत्व स्थापनाका लागि बुद्ध दर्शनसम्बन्धी गतिविधि र सम्पदा संरक्षणका लागि विशेष पहल गर्नुपर्ने सरुभक्तको भनाइ थियो।

बुद्धसम्बन्धी कृतिहरूमा फरकफरक मत पाइने गरेको भन्दै उनले हामीले बुद्धलाई मानेका छौं कि छैनौं? भन्ने प्रश्नसमेत उठ्ने गरेको प्रसंग सुनाए। भिक्षुहरूले नै कहिले बुद्धलाई 'भगवान्' भन्ने र कहिले भगवान् होइनन् मानव नै हुन् भन्ने दोधारे प्रवृत्तिप्रति असन्तुष्टि उनले राखे। बौद्ध दर्शनसम्बन्धी प्राविधिक शब्दहरूको ज्ञानसमेत दिने अर्हत् उपन्यास पठनीय रहेको सरुभक्तको भनाइ थियो।


## उर्लाबारी नगरपालिका
## Urlabari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल
Urlabari, Morang
Koshi Province, Nepal

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८१/०९/०१)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधीभित्र दर्ता हुन अएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रहरुको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राहि भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर. सहित |
|---|---|---|---|
| URL-BlacktopRoad-Ward8-W-NCB-01-081/82 | Urlabari-8, Shib Marga Sadak Kalopatre | Miklajung Builders Pvt. Ltd., Miklajung Morang | 1,05,36,769.64 |

## छार्का ताङसोङ गाउँपालिका
## ཚ་དཀར་སྟེང་ཤོང་གྲོང་སྡེ་ལྷན་ཁང་།
## Chharka Tangsong Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८१/०८/३०**

छार्का ताङसोङ गाउँपालिका, कागकोट डोल्पाबाट नयाँ पत्रिका दैनिकको मिति २०८१/०७/०६ को संस्करणमा प्रकाशित सूचनामा निम्न निर्माण कार्यको बोलपत्र आव्हान भए अनुसार विद्युतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रहरु मध्ये मिति २०८१/०८/२९ गतेका दिन खोलिएका तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनौंट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| कामको विवरण र ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस सहित) |
|---|---|---|
| कागकोट भेरी नदी तटबन्धन निर्माण योजना CTSRM/DOLPA/NCB/WORKS/04–2081/082 | Om Karyashwor -Kiran J V, Dolpa | 15,025,090.98 |

प्रमुख प्रशासकीय अधिकृत

## सानिमा बैंक लिमिटेड पुतलिसडक, कुमारीपाटी र कलंकी शाखाको धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित सवारी साधन बैंकलाई बुझाउने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना !!!

**(प्रकाशित मिति : २०८१/०९/०१ गते)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिएको सवारी साधन कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैंकबाट बारम्बार मौखिक, लिखित तथा ३५ दिने सार्वजनिक सूचना मार्फत तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यसै सूचनाबाट पुनः ताकेता गरीएको छ। साथै, बैंकको नाममा सुरक्षण स्वरूप रहेका तपसिलमा उल्लेखित सवारी साधन तपाई ऋणीले हालसम्म बैंकमा नबुझाउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र उल्लेखित सवारी साधन आफूलाई पायक पर्ने यस बैंकको नजिकको शाखा वा बैंकको केन्द्रीय कार्यालय नक्सालमा बुझाउनहुन ऋणी तथा जमानतकर्ताहरूलाई यसै सार्वजनिक सूचना मार्फत जानकारी गराइन्छ। हाल उक्त सवारी साधन ऋणी बाहेक अन्य कसैद्वारा प्रयोग गरिएको भएमा त्यस्ता व्यक्ति तथा संस्था लगायत सम्बन्धित सबैलाई सवारी साधनको त्यस्तो प्रयोग गैर कानुनी भएको व्यहोरा जानकारी गराउदै त्यसरी प्रयोग गरी रहनु भएको सवारी साधनहरू आफूलाई पायक पर्ने यस बैंकको नजिकको शाखा वा बैंकको केन्द्रीय कार्यालय नक्सालमा तुरून्त बुझाउन हुन सुचित गरिन्छ। यसै सूचना अनुसार समेत सवारी साधन नबुझाइएमा प्रचलित कानुन अनुसार कारबाही अगाडि बढाउन सकिने व्यहोरा समेत सूचित गरिन्छ।

साथै, जानी जानी वा भवितब्य परी उपरोक्त सवारी साधन कुनै गैर कानुनी कार्यमा प्रयोग भएमा वा कुनै घटना घटेमा सो को सम्पूर्ण जिम्मेवारी ऋणी तथा सवारी साधन प्रयोगकर्ताले नै लिनु पर्ने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराउन चाहन्छौ।

**तपसिलः**

### शखा कार्यालय कलंकीको ऋणी :

**ऋणीको नाम, थर र ठेगाना :**

दुर्गा हरी घिमिरेको नाति, दिनेश कुमार घिमिरेको छोरा, सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, टल्कु डुडेचौर उ.म.न.पा./गा.वि.स वडा नं. २ वस्ने **दिलिप कुमार घिमिरे।**

**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**

सानु कान्छा वलामीको छोरी, दिलिप कुमार घिमिरको श्रीमती, काठमाण्डौं जिल्ला, टल्कु डुडेचौर उ.म.न.पा./गा.वि.स वडा नं. २ बस्ने **सविता वलामी।**

**धितो सुरक्षणको विवरण :**

धनी सानिमा बैंक लिमिटेड (**ऋणी दिलिप कुमार घिमिरे**) को नाममा यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता रहेको निम्न सवारी साधन।

| क्र.सं. | मोडल | सवारी नम्बर | ईन्जिन नम्बर | च्यासीस नम्बर | बनेको बर्ष |
|---|---|---|---|---|---|
| १. | Mahindra Loading Mini Truck | बा.प्र ०१-००६ख २८४४ | CLM4D95681 | MA1GD2CLHM3D10749 | २०२१ |

### शखा कार्यालय कुमारीपाटीको ऋणी :

**ऋणीको नाम, थर र ठेगाना :**

राम बहादुर खतिवडाको नाति, रामेश्वर खतिवडाको छोरा, धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स./उ.म.न.पा वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरि न.पा. वडा नं. १४ बस्ने **कृष्णभक्त खतिवडा।**

**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**

राधाकृष्ण कुंवरको छोरी, कृष्णभक्त खतिवडाको श्रीमती, मकवानपुर जिल्ला, दामन गा.वि.स./उ.म.न.पा वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरि न.पा. वडा नं. १४ बस्ने **दिपा कुवंर।**

**धितो सुरक्षणको विवरण :**

धनी सानिमा बैंक लिमिटेड (**ऋणी कृष्णभक्त खतिवडा**) को नाममा यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरमा दर्ता रहेको निम्न बमोजिमका सवारी साधन –

| क्र.सं. | मोडल | सवारी नम्बर | ईन्जिन नम्बर | च्यासीस नम्बर | बनेको बर्ष |
|---|---|---|---|---|---|
| १. | MCV TRIPPER | बा ३ ख ९९२७ | 51M63483747 | MAT388116G1A01025 | २०१५ |
| २. | MCV TRIPPER | प्र. ३-०१-००६ ख ०००८ | 91C63773541 | MAT388116K2R03780 | २०१९ |
| ३. | FBTP-Prestige-2515-Triper | प्र. ३-०१-००५ ख ९२६२ | SLTHT3CS253780 | MBUWEL4XCS0260503 | २०१९ |

### शखा कार्यालय पुतलिसडकको ऋणी :

**ऋणीको नाम, थर र ठेगाना :**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग प्रा.फ.द.नं १३१९१०/०७३/७४ कायम भई मिति २०७३/०८/२७ मा दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. ०८, जयबागेश्वरी स्थित **मेगा सप्लायर्स।**

**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**

वृजित शाहीको नाती, बम बहादुर शाहीको छोरा, दैलेख जिल्ला, चामुण्डा गा.वि.स., वडा नं. ०४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ८ बस्ने **चन्द्र बहादुर शाही।**

कलम बहादुर शाहीको छोरी, चन्द्र बहादुर शाहीको श्रीमती, अछाम जिल्ला, तुर्माखांद गा.वि.स./उ.म.न.पा वडा नं. ०८ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने **सरिता कुमारी शाही।**

**धितो सुरक्षणको विवरण :**

धनी सानिमा बैंक लिमिटेड (**ऋणी मेगा सप्लायर्स**) कायम भई यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता रहेको निम्न सवारी साधन।

| क्र.सं. | सवारीको मोडेल | सवारी नम्बर | ईन्जिन नम्बर | च्यासीस नम्बर | बनेको बर्ष |
|---|---|---|---|---|---|
| १. | ECCO CARGO | बागमती प्रदेश-०१ ०२६ च ९२८४ | G12BN1002901 | MA3ERLF1S00975603 | २०२१ |

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## नेपाल प्रिमियर लिग

# प्लेअफ समीकरण रोमाञ्चक



**काठमाडौं/मस**– सुदूरपश्चिम रोयल्स नेपाल प्रिमियर लिगको प्लेअफमा प्रवेश गरेको छ। रोमाञ्चक प्रतिस्पर्धामा पोखरा एभेन्जर्सलाई ५ रनले हराउँदै सुदूरपश्चिमले प्लेअफमा स्थान बनाएको हो । जितसँगै सुदूरपश्चिमले प्लेअफमा स्थान पक्का गर्नुका साथै पहिलो क्वालिफायर खेल्ने सम्भावना पनि बलियो बनेको छ।

पहिलो क्वालिफायर र एलिमिनेटरमा खेल्ने टोलीको भने अझै टुंगो लागेको छैन । सोमबार हुने सुदूरपश्चिम रोयल्स र कर्णाली याक्सबीचको खेलपछि मात्रै सबै समीकरण टुंगो लाग्नेछ । सुदूरपश्चिमसहित जनकपुर बोल्ट्स र चितवन राईनोजले प्लेअफमा भने स्थान पक्का गरिसकेका छन् । अनि प्लेअफ होडमा कर्णाली याक्स र काठमाडौं गुर्खाज रहेका छन्।

सोमबार कर्णाली याक्स सुदूरपश्चिमसँग ५५ रन भन्दा बढी अन्तरले हारेमा काठमाडौं नेटरेनरेटमा कर्णालीलाई पछि पार्दै चौथो हुँदै प्लेअफमा पुग्नेछ। तर यदि कर्णाली थोरै अन्तरले पराजित भएमा वा सुदूरपश्चिमलाई हराएमा कर्णाली नै प्लेअफमा पुग्ने छ । कर्णालीको लागि शीर्ष दुईमा पुग्ने सम्भावना पनि छ।

आइतबार सुदूरपश्चिमले दिएको १ सय ५४ रनको लक्ष्य पछ्याएको पोखरा १९.४ ओभरमा १ सय ४८ रन बनाउँदै अल आउट भयो । पोखराका लागि आन्द्रेश गौसले सर्वाधिक ३६ रन जोडे । उनले २१ बलमा ४ चौका र २ छक्का प्रहार गरे । गौस ठूलो सटको प्रयास गर्दा सेफ अलि जेबको बलमा आरिफ शेखबाट समातिए। अन्तिम ओभरमा पोखरालाई जितका लागि ७ रन आवश्यक रहेको थियो। सुदूरपश्चिमका लागि स्कट कुगेलेनले १ रन मात्र खर्चिएर टोलीलाई रोमाञ्चक जित दिलाए।

पहिलो ओभरको अन्तिम बलमा दिनेश खरेलले जीवनदान पाएका थिए । हर्मित सिंहको बलमा स्कट कुगेलेनले उनको क्याच ड्रप गरेका थिए । उनले त्यससमय ४ बलमा ४ रन बनाएका थिए। थप ११ रन जोडेर दिनेश स्कट कुगेलेनको बलमा नरेश बुढाऐरबाट समातिए ।

दिनेश आउट भएको ओभरमा कप्तान कुशल भुर्तेल रनको खाता नै नखोली स्कटकै बलमा आउट भए । त्यसपछि क्रिजमा आएका दिलिप नाथ ४ बलमा १ रन बनाउँदै कुगेलेनको बलमा आउट भए । एघारौं ओभरको पहिलो बलमा जेन मल्लिक १५ बलमा १० रन बनाउँदै आउट भए । मल्लिकलाई हर्मित सिंहको बलमा विकेट किपर विनोद भन्डारीले स्टम्पिङ गरे ।

छैठौं विकेटका लागि किरण ठगुन्ना र रेमन राइफरले ७० रनको साझेदारी गरे । राइफरले २८ बलमा २ चौका र २ छक्काको सहयोगमा ३३ रन जोडे। राइफर ठूलो सटको प्रयासमा बाउन्ड्रीमा नरेन साउदबाट समातिए । सुदूरपश्चिमका लागि स्कट कुगेलेनले ३.४ ओभरमा १८ रन खर्चिएर ५ विकेट लिए । हर्मित सिंहले ३ तथा सेफ अलि जेबले १ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ५३ रनको योगफल तयार गर्‍यो ।

सुदूरपश्चिमका लागि आरिफ शेखले सर्वाधिक ४२ रन जोडे । उनले ३८ बलमा २ चौका र १ छक्का प्रहार गरे । ब्राण्डन मक्मुलनले १६ बलमा १ चौका र २ छक्काको सहयोगमा २३ रन जोडे । उनी पोखराका कप्तान कुशल भुर्तेलको बलमा सागर ढकालबाट क्याच आउट भए ।

१८.१ ओभरमा क्रिजमा रहेका इशान पाण्डे रिटायर्ट आउट हुँदै स्कट कुगेलेन क्रिजमा आएका थिए । इशान ११ बलमा १० रन जोड्दै रिटार्यट आउट भएका थिए। एनपीएलमा इशान रिटायर्ट आउट हुने पहिलो खेलाडी हुन् ।

